Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- २१, २०८२ साल पुस ८ गते मंगलबार (Decmber 23, 2025)
www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

### देउवा निवास महाराजगन्जमा

# सभापति देउवा र अध्यक्ष ओलीबीच भेटवार्ता


**मोहन कार्की**



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ । सभापति देउवा निवास महाराजगन्जमा भेटवार्ता भएको हो । उक्त भेटमा उनीहरुबीच समसामयिक राजनीतिक बिषयमा कुराकानी भएको सभापति देउवाको सचिवालयले जनाएको छ । भेटमा अध्यक्ष ओलीसँग एमाले महासचिव शंकर पोखरेल पनि थिए ।

नेकपा एमाले र नेपाली काँग्रेस गएको भदौ २३ र २४ गतेको जेन्जी आन्दोलन भन्दा अगाडीका सत्ता साझेदार थिए । त्यसपछि त्यतिधेरै सामाजिक रुपमा नखुलेका पार्टीका शिर्षस्थ नेताहरु बीचमा भेटघाट छलफल पनि कमै हुने गरेको देखिन्छ । हुनत गत मङ्सिर १९ गते पनि » बाकी ६ पृष्ठमा

## निर्वाचनको विकल्प छैन : प्रधानमन्त्री कार्की



काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीले मुलुकलाई संविधानसम्मत सुरक्षित तवरले अघि बढाउन निर्वाचनमात्रै विकल्प रहेको बताएकी छन् ।ललितपुर महानगरपालिकाको १०७ औं स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै उनले निर्वाचनलेमात्रै मुलुकलाई संविधानसम्मत अघि बढाउन सकिने बताएकी हुन् । 'मुलुकलाई संविधानसम्मत, लोकतान्त्रिक विधि र सुशासनको मार्गमा सुरक्षित तवरले अघि बढाउन हाम्रा सामु रहेको एकमात्र विकल्प भनेको निर्वाचन नै हो,' प्रधानमन्त्री कार्कीले भनिन् ।

उनले २१ फागुनका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्ने अर्जनदृष्टिका साथ सरकारले अहोरात्र खटेर तयारीका काम धेरै अगाडि बढाइसकेको बताइन् । निर्वाचनमार्फत् व्यक्त हुने नयाँ जनभावनाअनुरुपको सरकारलाई शक्ति हस्तान्तरण गर्न आफू आतुर रहेको प्रधानमन्त्री कार्कीको भनाइ थियो । 'निर्वाचनलाई कम खर्चिलो, स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आ-आफ्नो ठाउँबाट सहयोग गर्न सबैलाई आग्रह गर्दछु,' उनले भनिन् । २३-२४ भदौको जेनजी आन्दोलनपछि मुलुकमा नयाँ परिस्थिति सिर्जना भएको भन्दै कार्कीले सरकार अहिले सुशासन र निर्वाचन दुई मुख्य एजेन्डामा केन्द्रित रहेको बताइन् । समाजमा कुनै पनि खालका अराजकताले ठाउँ पाउनु नहुने भन्दै उनले शान्ति खल्बल्याउने, कानुन हातमा लिनेजस्ता अराजक र आपराधिक क्रियाकलाप नियन्त्रण गर्न सुरक्षा प्रशासन सक्षम र सक्रिय रहेको बताइन् । 'खराब तत्वको विरोध गर्न समुदायको पनि भूमिका उत्तिकै हुन्छ,' प्रधनमन्त्री कार्कीले भनिन्, » बाकी ६ पृष्ठमा

## ओली र लेखकलाई पत्र पठाउने जााचबुझ आयोगको तयारी



काठमाडौं- जेनजी आन्दोलन पछि बनेको जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई बयानको लागि बोलाउन तयारी गरेको छ ।

भदौ २३ गतेको दमन र २४ गतेको आगजनीबारे भएको केही सुरक्षा अधिकारी र निजामती कर्मचारीहरूको बयान सकेपछि ओली र लेखकलाई बयानको लगि आयोगले कम्तीमा एक साताको समय दिने गरी पत्र पठाउने तयारी गरेको हो ।

आयोगले अहिले काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविराज रिजालको बयान गरिरहेको छ भने अहिलेका आईजीपी एवं तत्कालीन एआईजी दानबहादुर कार्कीको बयानको केही भाग बाँकी छ । एक/दुई » बाकी ६ पृष्ठमा

## पुस दोस्रो साता राष्ट्रिय सभा बैठक बोलाउने तयारी



काठमाडौं- राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले पुसको दोस्रो साता राष्ट्रिय सभा बैठक बोलाउने तयारी गरिएको बताएका छन् ।

मंगलबार राष्ट्रिय सभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् ।

प्रतिनिधिसभा अन्तर्गतको कृषि समितिको हलको निर्माण कार्य सकिने बित्तिकै बैठक बोलाउने गरी आफूले केही दिनभित्र प्रधानमन्त्री सुशीला कार्कीसँग छलफल गर्ने तयारी गरेको उनले बताए ।

अध्यक्ष दाहालले राष्ट्रिय सभा बैठक बोलाउने कुरामा सरकार असहमत नभएको पनि बताए । उनले बैठक सञ्चालनका लागि बिजनेसको भने अभाव हुने देखिएको बताए ।

करिब १० दिनसम्मका लागि बिजनेस भए पनि अरू बिजनेस नभएको अध्यक्ष दाहालको भनाइ थियो ।

अध्यक्ष दाहालले भने, 'पुस १२ गते बैठक बोलाउँछु । जसरी पनि त्यो काम पुरा गर भनेर ठेकदारलाई भनिएको छ । मलाई लाग्छ-१०, १२ गतेसम्म हल तयार हुन्छ । अलिकति आकार आएपछि प्रधानमन्त्रीसँग गएर कुरा गरेर सदन बोलाउने कुरामा अहिलेसम्म विमति छैन । अब के होला त्यो कार्यान्वयनमा जाला ? तर बैठक चाहिँ हामी १०/१२ गतेतिर बस्छौं । तर सरकारसँग बिजनेस केही पनि छैन ।'

उनले अगाडि भने, 'हामीसँग २/३ वटा विधेयक छन् । कि अब हामीले चलाउने नाममा आयोगका प्रतिवेदनहरू » बाकी ६ पृष्ठमा

## जेन्जी आन्दोलनमा सहिद तथा घाइते भएका परिवारको सदस्यलाई स्वास्थ्य परिक्षणमा सहुलियत



काठमाडौं- जेनजी आन्दोलनमा सहिद तथा घाइते परिवारको एकघरका सदस्यलाई स्वास्थ्य परीक्षणमा सहुलियत प्रदान गरिने भएको छ । वैदेशिक रोजगारीमा जान चाहने घाइते तथा उनीहरूका परिवारको स्वास्थ्य परिक्षणमा ५० प्रतिशत र मृतकका परिवारलाई शतप्रतिशत निशुल्क रूपमा स्वास्थ्य परिक्षण गरिने भएको हो ।

मेडिकल तथा ओरेन्टेशन समस्या समाधान समिति र स्वास्थ्य संस्था संचालक संघ नेपालबीच भएको सहमति अनुसार नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सिफारिसमा घाइतेको हकमा ५० प्रतिशत र शहीद परिवारको हकमा १०० प्रतिशत सहुलियत दरमा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईएको हो ।

वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष समेत रहेका समिति संयोजक सुजित कुमार श्रेष्ठले स्वास्थ्य व्यवसायी संघसँग सहमति भएको बताए । श्रम, रोजगार तथा सामाजिक » बाकी ६ पृष्ठमा

## सशस्त्रको दक्षिणकाली गणलाई ललितपुर महानगरले गऱ्यो पुरस्कृत



काठमाडौं- सशस्त्र प्रहरी बल नेपाल नम्बर २१ दक्षिणकाली गणलाई ललितपुर महानगर गौरव पुरस्कार प्रदान गरिएको छ । ललितपुर महानगरपालिकाको १०७ औं स्थापना दिवसको अवसरमा सशस्त्र प्रहरी बल, नेपाल नम्बर २१ दक्षिणकाली गणलाई 'ललितपुर महानगर गौरव पुरस्कार' द्वारा सम्मान गरिएको छ । प्रधानमन्त्री सुशीला कार्कीले बुधबार ललितपुर महानगरपालिका पुल्चोकस्थित महानगरपालिकाको प्राङ्गणमा भएको स्थापना दिवसको अवसरमा गणलाई उक्त पुरस्कार प्रदान गरेकी हुन् ।

विपद् व्यवस्थापन तथा उद्धार कार्यहरूमा गणले पुऱ्याएको योगदानको कदर स्वरूप महानगरपालिकाले १ लाख नगदसहित गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक राजेश लामिछानेलाई सम्मानपत्र प्रदान गरेको हो । कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्याल, ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन, सोही महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्य, ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थित रहेको कार्यक्रमा सशस्त्र प्रहरीका राजेश लामिछानेलाई सम्मान गरिएको हो ।

## निर्वाचनबाट किन्तु, परन्तु भनेर पन्छिने अवस्था छैन : कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी

काठमाडौं- निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनबाट किन्तु परन्तु भनेर पछि हट्ने अवस्था नरहेको बताएका छन् ।

मंगलबार सरकारसँग निर्वाचन आयोगले गरेको छलफलका क्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले कसैको कारणले निर्वाचन बिथोलियो भनेर अरूलाई आक्षेप लगाएर मुक्त हुने अवस्था नरहेको भन्दै निर्वाचन गराउन सबै लाग्नुपर्ने बताए ।

'निर्वाचनमा कुनै किन्तु, परन्तु भनेर पछि हट्यो भने मेरो होइन, उसको कारणले निर्वाचन बिथोलियो भनेर अरूलाई आक्षेप लगाएर मुक्त हुने अवस्था हुँदैन । यो गर्नैपर्ने विकल्पविहीन निर्वाचन हो । यसलाई हरेक क्षेत्र, तह र तप्काबाट गहन रूपमा लिनुपर्छ,' उनले भने । आगामी २१ फागुनका » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २१,
२०८२ साल पुस ८ गते मंगलबार
23 DECEMBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### चिसोका कारण कुनैपनि नागरिक मर्न नदिऔं ।

नेपालमा देशमा विशेष गरेर पौष महिना र माघमा अत्याधिक चिसो बढ्ने गरेको छ । विगतका वर्षहरूमा तराईमा सितलहरका कारण कतिपय मानिसहरू मरेको समाचार आएका थिए । त्यसैले यो वर्ष कतैपनि कुनैपनि ठाउँमा कुनैपनि नागरिकहरू चिसोका कारण मर्न दिनुहुदैन । त्यसको लागि सम्बन्धित निकायले अग्रीम गर्नुपर्ने तयारीहरू गरेर नागरिकहरूलाई विशेष गरेर ६० वर्ष उमेर कटेका नागरिकहरूलाई आफन्तहरूले नै बढी हेरचाह गर्नुपर्ने हुन्छ । जसको आफन्त नभएकाहरूको लागि सरकारले उनिहरूको अभिलेख अहिलेको स्थानीय सरकारवाट लिएर छिटो छरितो तरिकाले उनिहरूलाई न्यानो कपडा, विहान वेलुका आगो तापेर वस्न सार्वजनिक स्थलमा नै व्यवस्थापन गरेर मानवीयता जोगाउने अभियानमा लाग्नुपर्छ ।

मानवीयता भनेको राज्यको तर्फवाट मात्र होइन विशेष गरेर सार्वजनिक रूपमा जोकोही मानवले आफुभन्दा कमजोर मानिस देखेमा सके आफैले सहयोग गर्ने नसकेमा अरूलाई आग्रह गरेर भएपनि सहयोग गरी मानव जोगाउने काम गर्नुपर्छ । मानवताको भावना भन्दा ठूलो यो पृथ्विमा अरू ठूलो हुदैन ।

मानवको जीवनको उत्तर चढावमा जो कसैको एकैनास कहिल्यै हुदैन । त्यसैले जो कमजोर छन् ति मानिसहरूलाई सहयोगको खाचो भईरहेको हुन्छ । सकेको सहयोग गर्न सक्ने मानिसहरूले सहयोग गर्ने र समुहगतमा गर्नुपर्ने सहयोग पनि सामुहिक रूपमा जुटेर गर्न सकिन्छ । यसरी सरकार, समुदाय, व्यात्तिगत सवै तिरवाट बृद्धाबृद्धाहरूलाई वा गरिवीका कारण न्यानो कपडावाट बञ्चित मानिसहरूलाई यो चिसोमा सहयोग गरौ ।

# एड्स र समाजको विकृति



■ अच्युतप्रसाद पौडेल "चिन्तन"

> यो शताब्दीको शुरुतिर १४ देखि ५० वर्ष उमेर समूहका विश्वका ३ करोड ६१ लाख मानिसहरु यसबाट संक्रमित भई बाँचिराखेका थिए भने यसमा आधा संख्या महिलाकै देखिन्थ्यो । सन् २००४ मा आइपुग्दा ३० लाखले एचआईभी/एड्सबाट ज्यान गुमाए ।

लैंगिक हिंसाविरुद्धको अभियान र एड्स अनि यौनका अन्तर्राष्ट्रिय चर्चा गर्नुपर्ने समय एकै बेला परेको छ । डिसेम्बर १ विश्व एड्स दिवस, सन् १९८८ डिसेम्बर १ लाई सम्झनुपर्ने दिन । गत डिसेम्बर १ मा ३८ औं विश्व एड्स दिवस मनाइयो । यस वर्षको नारा 'अवरोध पार गरौं एड्स प्रतिकार्य रुपान्तरण गरौं' भन्ने रहेको छ । दिवस मनाइरहँदा संसारमा करिब ९० लाखले उपचार नपाएका तथ्यांकहरु आइरहेका छन् ।

हाम्रो सरकारी संयन्त्र राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले भनेको छ- सन् २०२४ को अन्त्यसम्म यहाँ ३४ हजार ३३७ जना संक्रमितको अनुमान छ भने त्यसमा ७७ प्रतिशतले उपचार पाएका छन् । ६४ जिल्लाका ९६ एआरटी केन्द्रहरुबाट एन्टी रिट्रोभाइरल औषधि उपचारको निःशुल्क व्यवस्था गरिएको छ । अफसोस नै भन्नुपर्छ, गतवर्ष मात्रै यहाँ ५६९ जनाको मृत्यु भएको र सन् २०१० को तुलनामा यो तथ्यांक ८६ प्रतिशतले कम हो ।

यो रोग, शरीरको रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउने रोग हो र यसले दक्षिण अमेरिकी देश हाइटीबाट सर्वप्रथम पहिचान पाएको हो । नेपालको सन्दर्भमा पोखरामा पहिले पुष्टि भएको हो । हाल विश्वमा ४ करोड ८० लाख संक्रमित रहेकामा नयाँ संक्रमितको संख्या १ लाख ३० हजारको छ । समग्रमा हाल यसबाट संक्रमित हुनेमा ३ करोड ९४ लाख मानिस १५ वर्ष उमेरमाथिका छन् र १ करोड ४० लाख भने १४ वर्षमुनिका रहेका छन् । संक्रमितमध्येका ६ लाख ३० हजारको मृत्यु भइसकेको छ ।

स्वास्थ्य सेवा विभागका अनुसार आव ०८० ।०८१ मा नै यहाँ ३० हजार बढी संक्रमित देखिएका छन्, १५ वर्षमाथिका महिला १३ हजार, पुरुष १६ हजार र १४ वर्षमुनिका १ हजार २ सय बढी छन् । तथ्यांक विश्लेषण गर्दा १५ देखि ४९ उमेर समूह, जो सक्रिय जनसंख्या हो, धेरै रहेका छन् भनौं ५१:५ प्रतिशत र १४ वर्ष उमेरसम्मका समूहका कलिलाको संख्या ४८ प्रतिशत छ । सन् १९८८ देखि हालसम्म ३० हजारजनाको मृत्यु भइसकेको छ र करिव २६ हजार बढीले एन्टी रिट्रोभाइरल थेरापी ओखती प्रयोग गरिरहेका छन् ।

एड्सको परिभाषा गर्दा इम्युन पावरको डेफिसियन्सी हो भने शरीरमा हुने रोगसँग लड्ने क्षमतामा कमी हुनु नै यसको मूल लक्षण हो । असुरक्षित यौन सम्पर्क, रगत दिँदा-लिँदाको असुरक्षित सिरिन्ज, लागू पदार्थ आदिबाट एचआईभी/एड्स सर्ने हुन्छ । जति बेला अमेरिकामा संक्रमण देखियो, औषधि थिएन, अहिले ओखती छ यसको । नियमन र रोकथाम गर्ने निकाय पनि धेरै छन् । तर संसारका संक्रमितमध्ये ७० प्रतिशतले थाहै पाउँदैनन् आफू संक्रमित छु भन्ने । पहिले त परीक्षणमा पनि डराउँथे, लाजको कुरो पनि थियो, परीक्षण र ओखती निःशुल्क छ अहिले ।

पुरुषले पुरुषैसँग गर्ने यौन सम्पर्क, सुईबाट नशालु औषधि सेवन, असुरक्षित यौन सम्पर्क, परीक्षणविनाको रक्तदान, रोजगारीमा छलाङ मार्ने गरी स्वदेश-विदेशको भागदौड, सवारी चालकहरुसँगको जथाभावी यौन आकर्षण र सम्पर्क धेरै छन् यसको वृद्धिका कारणहरु । त्यसो त एचआईभी/एड्सका केही विधिहरु पनि छन् निराकरणका लागि, जसलाई एबीसी मेथडको नामले सम्झन सजिलो छ । एको अर्थ एक्सटिनेन्स भनौं यौन सम्पर्क नै नगर्ने, बीको अर्थ विट्विन टु पार्टनर भनौं श्रीमान्-श्रीमती मात्र र सीको अर्थ हुन्छ कण्डम अर्थात् सम्पर्क गर तर कण्डम प्रयोग गरेर । सन् १९८८ देखि विश्व तात्यो यसमा र हरेक वर्ष डिसेम्बर १ लाई यसको दिवसका रुपमा मनाउन पनि थाल्यो । नेपालमा स्वास्थ्य मन्त्रालयअन्तर्गत राष्ट्रिय एड्स तथा यौन नियन्त्रण केन्द्रले यसबारे काम गरिरहेको छ ।

यो रोग लाग्नेमा हाम्रा उत्पादनशील जनशक्ति बढी छ, र त यो राष्ट्रिय समस्या भएको छ । रोजगारीका पीडा, घरबाहिर धेरै रहनुपर्ने, समलिंगी यौन, कण्डमको प्रयोग नहुने, लाजको संकोच, क्षयरोग नै निम्तिएको अवस्था र हाम्रो ७५३ स्थानीय तहहरु नै भरपूर सक्रिय हुन नसक्दा यो महामारीको रुपमा देखा परेको छ । विभिन्न जिल्लाबाट भाइरल औषधि ४५ वितरण केन्द्रहरुबाट ५१ हजार बढीलाई वितरण गरिरहेको भनिएको छ, तथापि यसबारे सचेतनाको कमी नै महसुस भएको छ ।

अभियान सञ्चालन वा गोष्ठीहरु ठूला होटलहरुमा हुन्छन्, गरिनुपर्ने खुल्ला सडक वा स्थानीय जनचासो रहेका स्थानहरुमा हो । सार्वजनिक यातायात सञ्चालनका मुख्य-मुख्य नाकाहरुमा हो, रोजगारीको खोजीमा रहेका मूल स्थानहरुमा हो, शैक्षिक पठनपाठन गरिने संस्थाहरुमा हो, कोर्स सिलेबसमै रहनुपर्ने विषय हो । यो केन्द्रीकृत महामारी हो, दुर्व्यसनी, यौनकर्मीहरु बढी मारमा परेका छन्, हालसम्मको आँकडा हेर्दा लागूपदार्थ दूर्व्यसनीको संख्या ३ प्रतिशत र यौनकर्मीको संख्या २:२ प्रतिशत रहेको छ, नजिकको देश भारतमा काम गर्न जानेको संक्रमित संख्या ०:२ प्रतिशतको रहेको छ ।

सन् २०३० मा पूर्ण उन्मूलन हुने लक्ष्यको समय नजिक आइरहँदा कार्यक्रमहरु प्रभावकारी नभएको देखिन्छ । हाम्रो उपचार पद्धति पर्याप्त छैन । स्वास्थ्य सुविधा नै कमजोर छ । बाह्य दातृ निकायको भर पर्नुपरेकाले साधन-स्रोतकै कमी छ । दक्ष जनशक्तिको त अभाव नै छ । संस्थागत प्रयास छ तर संयन्त्रहरुका बीच समन्वयको अभाव छ । शिक्षाको खोजी, शहरको महँगो शिक्षा, खर्च धान्न नसक्ने अवस्था, श्रम रोजगारीका लागि जुनसुकै उमेर समूहको पनि प्रतीच्छा, बालबालिकाहरुप्रतिको यौन शोषण, चेतनाकै कमी धेरै छन् यसमा हेर्नुपर्ने विषयहरु । कम्बोडिया, दक्षिण एसियाका देशहरु, थाइल्यान्डमा यसको रोकथाममा धेरै प्रगति देखा परेको छ, नियन्त्रण कार्यक्रम बढी प्रभावकारी छ ।

हाम्रा दुर्गम भेग, स्वास्थ्यप्रतिको सरकारी जिम्मेवारीकै अभाव पनि रहेको छ, तालिम प्राप्त जनशक्तिको पहुँच सबैतिर छैन । हिजोआज सामाजिक सञ्जाललगायत यत्रतत्र प्रविधिको प्रयोगले महिला हिंसालाई झन् बढाएको छ । पहिलेजस्तो यौन खुल्ला नहुने अवस्था अलिक छैन अहिले । पंक्तिकारले जति बेला झन्डै ३५ वर्षअघि यससम्बन्धी एक अध्ययनमा संलग्न भई सम्बद्ध निकायलाई प्रतिवेदन बुझाउँदै थियो, स्थिति भयावह थियो, अहिले करिब सामान्य देखिए पनि उत्साहित हुने अवस्था छैन । सामाजिक सञ्जाल, उत्ताउला फोटाहरु, टिकटक धेरैले असर पारेको छ, जुन विषय गोपनीय हुन्छ, उजागर गर्दा त्यसको महत्व बढ्ने होइन बरु घट्छ नै ।

यो शताब्दीको शुरुतिर १४ देखि ५० वर्ष उमेर समूहका विश्वका ३ करोड ६१ लाख मानिसहरु यसबाट संक्रमित भई बाँचिराखेका थिए भने यसमा आधा संख्या महिलाकै देखिन्थ्यो । सन् २००४ मा आइपुग्दा ३० लाखले एचआईभी/एड्सबाट ज्यान गुमाए । जहाँ गरिबी र अशिक्षा छ, यौनधन्दा बढी हुने, चेलीबेटी बेचबिखन हुने, खुल्ला सिमानाका कारण मानव ओसारपसार, वेश्यावृत्ति, शिक्षा आर्जनको चाहनामा शिक्षकहरुबाटै यौनतृष्णा, आफन्तबाटै यौन पिपासुको घेराबन्दी, लैंगिक विभेद, पर्यटन, पर्यटकको देखासिकी, धेरै खर्चबर्चको चाहना, व्यापारिक काम, पेसागत काम कारबाहीले स्त्री-पुरुषको सदावहार भेटघाट, धेरै विषय गुप्त रहने, पद, प्रतिष्ठाको लोभ र शारीरिक भोकले यौनकार्यलाई सामान्यरुपमा बुझिदिँदा पनि यस्ता रोगबाट मानिसलाई समस्या खडा गरेको देखिन्छ ।

धेरै यस्ता रोगी भएको स्थान अफ्रिका हो, बालबालिका पनि त्यहीँ बढी संक्रमित छन्, मृत्युको सिकार हुने संख्या त्यहीँ बढी छ । विश्व स्वास्थ्य संगठनले भनेको थियो- सन् २०१५ मा आइपुग्दा संसारमा ११ लाख मानिसले यो रोगबाट ज्यान गुमाए । यो रोग आफैँमा रोग नभएर इम्युन सिस्टमको कमजोरी, रोग प्रतिरोधात्मक क्षमताको कमी हो । नेपालमा यससम्बन्धी रोग निराकरणका लागि विगत ५ वर्षमा मात्रै ११ करोड ४७ लाखभन्दा बढी युएस डलर भनौं १० अर्ब रकम खर्च भइसकेको तथ्यांक छ । यसअघि पनि धेरै रकम विदेशीहरुले दिएका हुन् । बढी संक्रमित हुने हाम्रो सन्दर्भमा १५ देखि ४० वर्ष समूहका किशोरकिशोरी नै छन् । रोजगारीका सिलसिलामा अपरिचितसँगको यौन सम्पर्कले यो रोग बोकी ल्याएका केसहरु पनि धेरै छन् ।

पूर्वीय दर्शनले यौनलाई आजको जस्तो खुल्ला राखेको थिएन । विवाहपूर्व यौन सम्पर्कलाई पाप भनेको थियो, वास्तवमा पाप भन्नु प्रदूषण नै हो । आजको जस्तो बिहेवारीमा उमेरको ढिलाइ पनि थिएन, दिदीबहिनीहरु केटा साथी बनाउन हम्मेसी तयार हुन्नथे । विभिन्न कथाकुथुङ्गीहरु बनाएर यसबारे सतर्क रहने गरी शिक्षा दिन्थे, हाम्रा पूर्वजहरु । बाबुआमाको इज्जत, प्रतिष्ठा सम्झन्थे, बहकाउमा नलाग्न नैतिक शिक्षा दिन्थे, जग्गेमा चरु होम गरेर अग्नि साक्षी राखी जन्ती, वरियात, पूरा इष्टमित्रलाई देखाएर, सम्धी, सम्धेलो गराएर केटाकेटीको इज्जत, औकात, प्रतिष्ठा हेरेर, ढोग, भेट गरेर, औपचारिक सिउँदोमा सिन्दुर भरेर विवाह गर्ने चलन थियो ।

परीक्षणका लागि दुलही भित्र्याएपछि मातृका स्थापना गरेको कोठामा दम्पती सुतेर भोलिपल्ट जग्गे बनाई बच्चा पाएको थाङ्ना धोएको प्रतिकको रुपमा खट्कुलोमा सबैले देख्ने गरी मैला कपडा धुने, अघिल्लो जग्गेमा औपचारिक जुठो खाने र खुवाउने चलन थियो । शारीरिक सम्पर्कको प्रमाणित र कुनै गुनासो भए गुनासो पोख्ने गरी १६ दिनभित्र ससुराली जाने, जसलाई १६ दिने साइत या दुलहन फर्काउने भन्ने चलन थियो । अब त्यसो रहेन, गर्भ बोकेको ६ महिनामा मन्दिर गएर सिन्दुर हाल्ने वा कोर्ट म्यारिज गर्ने प्रथा आयो । विदेशमा त रिहर्सल पति-पत्नीको पहिल्यै हुन्छ भन्ने सुनिन्छ, यहाँ पनि त्यही सिको भएको देखिन्छ । बाबुले खोजेको केटाको कुरा गर्दा मैले त स्कूलमा उहिल्यै... भन्ने गरेको धेरै विषय देखिएका छन् । विदेशमा पारपाचुके गर्नेको संख्या पनि धेरै देखिन्छ, यहाँ पनि सम्बन्ध भत्किएका केसहरु धेरै छन् । सबैले बेलैमा सजग नभए यसले भोलि विकराल रुप लिन सक्छ, विगत झैं ।

# स्याङ्जाको कृषक समूहले बेच्यो ८७ लाखको सुन्तला

स्याङ्जा- स्याङ्जाको एउटै समूहले यसवर्ष ८७ लाख मूल्यको सुन्तला बिक्री गरेको छ । स्याङ्जाको पुतलीबजार नगरपालिका-७ स्थित अर्बकुना सुन्तला उत्पादन कृषक समूहले सुन्तला बिक्री गरेर गाउँमा रु ८७ लाख भित्र्याएको हो । विगतमा कोदो तथा मकै बाली हुने ठाउँमा नगदेबालीका रूपमा सुन्तलाखेती थालेसँगै गाउँमा आम्दानी बढ्दै गएको समूहका अध्यक्ष यामबहादुर सेनले जानकारी दिए ।

अर्बकुना सुन्तला समूहमा हाल ३१ सुन्तलाखेती गर्ने किसान आबद्ध छन् । 'समूहमा आबद्ध हुनुभएका सबै किसानले न्यूनतम रु एक लाखदेखि अधिकतम रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ', उनले भने, 'केही मात्रामा कोदो, मकै हुने जमिनबाट अहिले प्रत्येक घरले नगदेबालीका रूपमा सुन्तलाखेती गरेसँगै राम्रो आम्दानी हुने गरेको छ ।'

पछिल्लो समय गाउँमा रहेका सबै घरलाई समूहमा आबद्ध गराएर एकापसमा मिलेर सुन्तलाखेतीलाई विस्तार गर्दै गएकाले आगामी वर्षहरूमा सुन्तलाको उत्पादन र आम्दानी वृद्धि हुने दाबी अध्यक्ष सेनको छ । 'पुराना बोटबाट सुन्तला उत्पादन भइरहेको छ, नयाँ बोट थप्ने क्रम निरन्तर रूपमा चलिरहेको छ', उनले भने, 'आगामी वर्षमा मात्रै यस समूहबाट रु एक करोड बढीको सुन्तला बिक्री गर्छौं, त्यसपछिका वर्षहरूमा त झनै वृद्धि हुँदै जान्छ ।'

यहाँ उत्पादन भएको सुन्तला किसान स्वयं वा समूहमार्फत पनि बिक्री गर्ने गरिएको छ । यहाँका किसानले सुन्तला खरिदका लागि आएका स्थानीय व्यापारीलाई बगैँचा नै ठेक्कामा दिने गरेका छन्भने केही किसानले फुटकर रूपमा बिक्री गरेका हुन् ।



किसानले बोटमा भएको उत्पादनका आधारमा व्यापारीसित बोलकबोल गरेर मूल्य निर्धारण गर्छन् । केही किसानले प्रतिकेजी रु ६०-७० का दरले व्यापारीलाई सुन्तला बिक्री गरेका हुन् ।

यहाँ उत्पादन भएको सुन्तला र त्यसको आम्दानीको हिसाबकिताब समयसमयमा समूहमार्फत हुने गरेको छ । सामूहिक रूपमा बैठक बसेर बजारीकरण, मूल्य निर्धारण, आइपरेका समस्या र त्यसको समाधानका विषयमा छलफल गरी समाधान निकाल्ने गरिएको उनले बताए । स्वादिष्ट सुन्तला उत्पादनका दृष्टिले स्याङ्जाको पहिचान छुट्टै किसिमको रहेको छ । जिल्लामा सुन्तला उत्पादनको सम्भावना र यसको विस्तारका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन सञ्चालनमा रहेको छ ।

विसं २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला जोन हुँदै सुपरजोनमा परिणत भएसँगै सुन्तलाको बगैँचा विस्तारले तीव्रता पाएको हो ।

# मुस्ताङको ऐतिहासिक सांस्कृतिक गाउँ 'झारकोट' ओझेलमा

मुस्ताङ- मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ मा अवस्थित हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर नजिकैको 'झारकोट' गाउँ पर्यटन विकासको प्रचुर सम्भावना हुँदाहुँदै ओझेल परेको छ ।

मुक्तिनाथ मन्दिर नजिकै एउटा वडामा रहेको पुराना रानीपौवा बजार पर्यटनले गुल्जार भइरहँदा यहाँको सबैभन्दा पुरानो ऐतिहासिक सांस्कृतिक गाउँ 'झारकोट' पर्यटन प्रवर्द्धन र विकासमा भने पछि परेको हो ।

वारागुङ मुक्तिक्षेत्रस्थित मुक्तिनाथ मन्दिरको काखैमा चारवटा गाउँ छन्, यसमध्ये सबैभन्दा बाक्लो बस्ती र पुरानो गाउँ हो झारकोटगाउँ । यहाँस्थित मुक्तिनाथको काखमा झारकोटसहित पुराङ रानीपौवा, खिङ्गा र छेङ्गुरगाउँ पर्दछन् ।

यी गाउँमध्ये सबैभन्दा धार्मिक तीर्थालुको आगमनका कारण पुराङ रानीपौवा बजारमा पर्यटकको चहलपहल निकै हुने गर्छ । झारकोटसहित अरु गाउँमा भने पर्यटन गुमनामजस्तै हुन्छ । कागबेनी-मुक्तिनाथ सडकखण्डसँगै जोडिएको झारकोट पर्यटनका हिसाबले सबैभन्दा पछि परेको छ ।

तत्कालीन समयमा यहाँको कागबेनी-मुक्तिनाथ जाने सडकमार्ग नहुँदा पुरानो झारकोट गाउँमा पर्यटकको चहलपहल हुन्थ्यो । सडक नहुँदा मुक्तिनाथ दर्शन गर्ने धार्मिक तीर्थालुहरू र मनाङ हुँदै थोरङ्लापास गर्ने विदेशी पर्यटक झारकोट गाउँभित्रको गोरेटो बाटो हिँडेर आवतजावात गर्थे ।

मुक्तिनाथ दर्शन गर्न आएका तीर्थायात्री र विदेशी पर्यटक झारकोट गाउँको प्राकृतिक तथा सांस्कृतिक सौन्दर्यता नियाल्थे । पैदल आएका तीर्थायात्री यहाँको गाउँमा खाजा खाना र बाँस बस्थे । त्यतिबेलाको अवस्थामा झारकोट गाउँमा स्थानीयको व्यापार व्यवसाय पनि राम्रै चलेको थियो ।



तर, अहिले झारकोटा गाउँभित्रको गोरेटो पदमार्ग बिरानो बनेको छ । पछिल्लो एक दशकयता गाउँभित्रको गल्ली गोरेटो बाटो स्थानीयवासीको आवतजावतका लागि मात्र सीमित बनेको छ ।

कागबेनी-मुक्तिनाथ सडक र यस गाउँको आवश्यक प्रचारप्रसार नहुँदा झारकोट ओझेलमा परेको स्थानीय धेचआङ्मो गुरुङले जानकारी दिए । उनका अनुसार गाउँको विकासका लागि युवा जनशक्ति विदेश पलायन हुँदा पर्यटन प्रवर्द्धन हुन नसकेको हो । कागबेनी-मुक्तिनाथ सडकमार्गमै पर्ने झारकोट मुक्तिनाथ मन्दिरको काखैमा भए पनि पर्यटन क्षेत्रबाट कुनै फाइदा लिन नसक्ने अवस्था रहेको गुरुङको भनाइ छ ।

झारकोट गाउँ विगत डेढ दशकदेखि पर्यटनका हिसाबले गुमनामजस्तै छ । बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक झारकोट गाउँ नजिकैको सडकमार्ग हुँदै मुक्तिनाथ आवतजावत गर्ने भएता पनि झारकोट गाउँमा पर्यटकको उपस्थिति शून्य रहेको स्थानीय गुरुङको दुखेसो छ ।

'दिनहुँ सयौँ तीर्थयात्री हाम्रै गाउँको बाटो ओहोरदोहोर गर्छन्, कति आए कति गए पत्तै हुन्न', स्थानीय गुरुङले भने, 'तीर्थयात्री र पर्यटक सिधै आउँछन् जान्छन्, हामी त हेरेको हेर्यैमात्र ।'

प्राचीन वस्ती झारकोटमा ६० घरपरिवार छन् । पहिला सडक नहुँदा गाउँका अधिकांश युवा गाउँ थिए । सडकको विकासले यस गाउँको रोजीरोटीमा नराम्रो धक्का पुग्यो । डेढ दशकअघि निकै चहलपहल हुने झारकोट पछिल्लो समय सुनसान बनेको स्थानीय धेचआङ्मो गुरुङको भनाइ छ । गाउँमा आम्दानी गर्ने माध्यम गुम्न थालेपछि गाउँका युवायुवती एकपछि अर्को गर्दै गाउँ छाडेर विदेश पलायन हुन थालेको उनको भनाइ छ ।

यतिबेला झारकोट गाउँमा युवायुवतीको सङ्ख्या एकदमै कम छ । अधिकांश युवायुवती वैदेशिक रोजागारका लागि युरोप र अमेरिका भासिँदा गाउँमा बालबालिका र ज्येष्ठ नागरिकको सङ्ख्या बढी रहेको स्थानीयवासी गुरुङले उल्लेख गरे ।

'हाम्रो गाउँतिर सडक विकास भयो, केही गर्न सक्नेलाई अवसरको ढोका पनि खुला छ, तर विकासलाई समृद्धिमा बदल्ने युवायुवती नै बाहिर पुगिसके, अब गाउँको आर्थिक विकास कसले गरिदेला र ?', उहाँले भन्नुभयो ।

यहाँको ऐतिहासिक झारकोट गाउँका स्थानीय आंशिक खेतीपाती र पशुपालन व्यवसाय गरी जीविकोपार्जन गर्ने गरेको स्थानीय नम्डुल गुरुङले जानकारी दिनुभयो । यहाँ केहीले याक र घोडाको व्यापार गर्ने गरेको स्थानीय गुरुङको भनाइ छ ।

पछिल्लो समय मुक्तिनाथ मन्दिर नजिकैको चार गाउँका मानिसले घोडाबाट मुक्तिनाथ मन्दिरमा दर्शन गर्ने दर्शनार्थीहरूलाई घोडा चढाएर आयआर्जन गर्ने गरेका छन् । जसमध्ये झारकोटमा पनि केही युवाले मुक्तिनाथमा घोडालाई यात्री ओसारपसार गरी सशुल्क सेवा दिइरहेको स्थानीय गुरुङको भनाइ छ ।

वर्षभरिको खेतीपाती र पशुपालन व्यवसायले वार्षिक गर्जो टार्न मुस्किल भएकाले वैकल्पिक व्यापार व्यवसायको भर पर्नपरेको स्थानीय गुरुङले जानकारी दिए ।

वारागुङ मुक्तिक्षेत्र-१ स्थित यहाँको झारकोट गाउँमा सदियौँ पुरानो ऐतिहासिक राजाको दरबार अवस्थित छ । प्राचीनकालमा निर्माण भएको यहाँ अवस्थित साढे तीनतले झारकोट राजाको दरबार यहाँको पुरातात्विक तथा सांस्कृतिक सम्पदा रहेको यहाँका वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिए । यहाँको दरबारमा तत्कालीन झारकोट राजाका पछिल्ला पुस्ताले बस्ने र दरबारको भोगचलन गर्दै आइरहेको उनले उल्लेख गरे ।

यहाँ सदियौँ वर्ष पुरानो झार छोदे गुम्बा अवस्थित छ । त्यसैगरी झारकोट गाउँमा कुनै व्यक्तिको मृत्यु भएमा उसको शवलाई गाउँभित्र रहेको (केनिल) मुनिबाट लगेर दाहसंस्कार गर्ने प्रचलन रहेको छ । झारकोट गाउँ नजिकै गुरु सेप्ची रहेको छ । जहाँ ढुङ्गामा कुदिएका जस्ता गुरु पद्मसम्भवका पाइलाको डोब देख्न सकिन्छ ।

यहाँ प्राचीनकालमा निर्माण भएका ढुङ्गा र माटोले निर्मित पुराना घर अझै जीवन्त रहेका छन् । गाउँमाथि केहीपर तोराताल अवस्थित छ । ताल वरपर प्राकृतिक वनस्पति सिवकर्थोन अर्थात् स्थानीय भाषामा (तोरा) पाइने भएकाले त्यहाँको ताललाई तोराताल भनिएको हो ।

पछिल्लो समय त्यहाँ स्थानीयले ताल वरपर लुङ्ता झण्डा गाडेर निकै आर्कषक तुल्याएका छन् । मुक्तिनाथ आएका पर्यटक तोराताल अवलोकन गर्न जाने गरेका वडाध्यक्ष गुरुङले बताए । पछिल्लो समय झारकोटस्थित गुम्बा संरक्षणका लागि प्रदेश र पालिका सरकारले बजेट विनियोजन गरेर संरक्षण तथा संवर्द्धन गर्दै आइरहेको वडाध्यक्ष गुरुङको भनाइ छ ।

## रामेछाप डायरी

# रामेछाप अस्पतालमा पहिलो पटक हड्डीको सफल शल्यक्रिया

**रामेछाप-** रामेछाप अस्पतालमा पहिलो पटक हड्डी भाँचिएको सफल शल्यक्रिया गरिएको छ । सोमबार दुई जना बिरामीको सफलतापूर्वक शल्यक्रिया गरिएको अस्पताल प्रशासनले जनाएको छ ।

मन्थली नगरपालिका ६ कि ६३ वर्षीया बिमला कामीको खुट्टाको हड्डी भाचिएकोलाई स्टिल हालिएको हो । यसैगरी रामेछाप नगरपालिका ७ कि ३५ वर्षीया सावित्रा खड्का कार्कीको रड निकाल्ने कार्य गरिएको छ ।

अस्पतालका अर्थोपेडिक सर्जन (मे.सु.) डा. सागर जर्घामगर, अर्थोपेडिक सर्जन डा.नवीन कुमार यादबको नेतृत्वमा एनेस्थेसिया राजेश यादव, स्क्रब नर्स समिक्षा थापा लगायत अन्य कर्मचारीको



टिमले सफल शल्यक्रिया गरेको अस्पतालले जानकारी दिएको छ । रामेछाप अस्पतालमै विशेषज्ञ सहितको हड्डी सम्बन्धित बाहिरङ्ग तथा शल्यक्रिया सेवा निरन्तर रुपमा संचालन हुने अस्पतालको भनाई छ । रामेछाप जिल्लामा रहेको जिल्लास्तरीय अस्पताल हो । हाल रामेछाप अस्पताललाई प्रदेशिक अस्पतालको रुपमा विकास गरिएको छ । तर भौगोलिक कठिनायीका कारण रामेछाप जिल्लाभरीका नागरिकले रामेछाप अस्पतालमा भएको सुविधा लिन सकेका छैनन् ।

# मन्थली नगरपालिकाको वित्तीय प्रगति १८ प्रतिशत



**रामेछाप-** रामेछापको मन्थली नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्म अर्थात पहिलो चौमासिक अबधिसम्म १८ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । शुक्रबार मन्थली नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत देवर्षी सापकोटाले यो आ.वको पहिलो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सेवा प्रवाहको बारेमा जानकारी गराएको प्रतिवेदनमा १८ प्रतिशत मात्र प्रगति भएको उल्लेख छ ।

उनका अनुसार कुल १ अर्ब ४ करोड ६५ लाख ६४ हजार रुपैयाँ बराबरको बजेट स्वीकृत भएकोमा यहि मंसिर मसान्तसम्म चालू खर्चतर्फ २६ प्रतिशत,पूँजीगत खर्चतर्फ २ प्रतिशत र समग्र खर्चतर्फ १८ प्रतिशत बजेट खर्च भएको हो । नगरपालिकाले निर्धारण गरेको ४ करोड २३ लाख ५५ हजार रुपैयाँ राजस्व संकलन मध्ये लक्ष्यको ३७.०६ प्रतिशत अर्थात १ करोड ५६ लाख रुपैयाँ संकलन गर्न सफल भएको उल्लेख छ ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी नागरीकहरुले प्रश्न, जिज्ञासा सहित नगरलाई सुझाव सल्लाह दिएका थिए । नागरीकले शिक्षा, स्वास्थ्य, कृषि, सडक, पशुपालन र विकास निर्माणका कामहरुसँग सम्बन्धित प्रश्न गरेका थिए । नागरीकहरुले सोधेको प्रश्नको जवाफ नगरपालिकाका प्रमुख लब श्रेष्ठ, उपप्रमुख ईश्वरी बस्नेत, प्रमुख प्रशासकीय अधिकृत देवर्षि सापकोटा र वडा नं २ का वडाअध्यक्ष सुरेन्द्र कार्कीले दिएका थिए ।

एकीकृत घुम्ती शिविर सहितको सार्वजनिक सुनुवाइ कार्यक्रम वडा नं २ को कार्यालय टेकानपुरमा सम्पन्न भएको हो ।

# यो निरंकुश प्रवृत्तिको अन्त्य गर्ने अवसर हो : भीम रावल

काठमाडौं- नेपाली कम्युनिस्ट पार्टीका नेता डा. भीम रावलले एमाले महाधिवेशन प्रतिनिधिहरूलाई पार्टीभित्रको निरंकुश, स्वेच्छाचारी प्रवृत्ति मुक्त गर्न सुझाव दिएका छन् ।

एमालेको ११औं महाधिवेशनका सन्दर्भमा भीम रावलले प्रतिनिधिहरूलाई यो पार्टी संगठनलाई जनताको हितमा उपयोगी बनाउने अवसर भएकोले गलत प्रवृत्तिको अन्त्य गर्न सुझाव दिएका हुन् ।

१०औं महाधिवेशनलाई सम्झिँदै उनले लेखेका छन्, 'अहिले घटनाक्रमबाट त्यसबेला मैले उठाएको कुरा कति सही रहेछ भन्ने स्पष्ट भएको छ । अहिले धेरैले केपीको निरंकुश, स्वेच्छाचारी प्रवृत्ति र व्यवहारलाई स्वयं भोगेका र देखेका छन् । अतः एमालेको एघारौं महाधिवेशन त्यस्तो प्रवृत्ति र व्यवहारबाट पार्टीलाई मुक्त गर्दै स्वयं पार्टी, देश र जनताको हितमा




संगठनलाई उपयोगी बनाउने अवसरको रुपमा प्रतिनिधिहरुले उपयोग गर्न सके भने उचित हुनेछ ।'

उनले अघिल्लो महाधिवेशनमा निर्वाचन स्वच्छ वातावरणमा भई प्रतिनिधिहरूले चुन्ने र चुनिन पाउने अधिकारको केपी शर्मा ओलीले अवरुद्ध गरेको आरोपसमेत लगाएका छन् ।

एमालेको नयाँ नेतृत्व चयनका लागि मतदान हुँदैछ । यसपटक केपी शर्मा ओली र ईश्वर पोखरेल प्यानल नै बनाएर प्रतिस्पर्धामा उत्रिएका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २१,
२०८२ साल पुस ८ गते मंगलबार
23 DECEMBER 2025, TUESDAY

# नेशनल घर निर्माण फेस्ट-२०८२ को प्रायोजकमा शिवम् सिमेन्ट




स्किल सेवा प्रा.लि. र शिवम् सिमेन्ट लिमिटेडबीच नेशनल घर निर्माण फेस्ट-२०८२ आयोजना तथा प्रवर्द्धनका लागि सम्झौतापत्र (MoU) मा हस्ताक्षर सम्पन्न भएको छ।

सम्झौताअनुसार स्किल सेवा प्रा.लि.द्वारा आयोजना हुने नेशनल घर निर्माण फेस्ट-२०८२ मा शिवम् सिमेन्ट लिमिटेड प्रायोजक को रूपमा आबद्ध भएको हो। घर निर्माण, परामर्श तथा प्रविधिमुखी यो राष्ट्रिय स्तरको प्रदर्शनी २०८२ पुस १२ गतेदेखि १५ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुनेछ । प्रदर्शनी सर्वसाधारणका लागि निःशुल्क प्रवेश रहने आयोजकले जनाएको छ।

घरधनी, निर्माण व्यवसायी, इन्जिनियर, आर्किटेक्ट, आपूर्तिकर्ता, विद्यार्थी तथा आम नागरिकलाई लक्षित गरी आयोजना हुने यस फेस्टमा आधुनिक घर निर्माणसम्बन्धी सीप, परामर्श, सामग्री साथै नेपाल भरिका निर्माण व्यावसायीहरु र प्रविधिहरू द्वारा एउटै थलोमा प्रस्तुत गरिनेछ । कार्यक्रमले गुणस्तरीय, सुरक्षित र दिगो घर निर्माणबारे राष्ट्रिय सन्देश प्रवाह गर्ने उद्देश्य राखेको छ।

यसैगरी, एक्पोको विशेष आकर्षणका रूपमा गिनिज वर्ल्ड रेकर्ड कायम गर्ने उद्देश्यसहित संसारकै सबैभन्दा ठूलो इट्टा प्रदर्शनीमा राखिने जानकारी दिइएको छ। उक्त प्रयासले नेपाली निर्माण क्षेत्रको क्षमता र पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने अपेक्षा गरिएको छ।

नेशनल घर निर्माण एक्पो-२०८२ ले निर्माण व्यवसायी, इन्जिनियर, आर्किटेक्ट, विद्यार्थी तथा आम उपभोक्तालाई घर निर्माणसम्बन्धी नवीन जानकारी र अनुभव साटासाट गर्ने महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिइएको छ।

५३ ग्रेड तथा ४३ ग्रेडको ओ.पि.सि. सिमेन्ट उत्पादन तथा विक्रि वितरण गर्दै आईरहेको शिवम् ओ.पि.सि. सिमेन्ट देशका राष्ट्रिय गौरवका योजना तथा अन्य ठुला-ठुला परियोजनाहरुका साथै अनेकौं संरचना निर्माणमा समेत शिवम् सिमेन्टले विगत लामो समय देखि महत्वपूर्ण भुमिका निर्वाह गर्दै आइरहेको छ।

नेपालको केन्द्र भाग हेटौंडामा स्थापित यस सिमेन्ट उद्योगले अत्याधुनिक जर्मन प्रविधी युक्त प्लान्टबाट आफ्नै चुनढुङ्गाको प्रयोग गरी उच्च गुणस्तरको क्लिंकर र ४३ तथा ५३ ग्रेडको शिवम् सिमेन्ट उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेको छ। उच्च गुणस्तर, निःशुल्क प्राविधिक सेवा समेतका कारणले गर्दा नै शिवम् सिमेन्ट ग्राहकहरुद्वारा अत्याधिक रुचाइएको तथा विश्वास गरिएको असली ओ.पि.सि. सिमेन्ट बन्न सफल भएको हो।

नेपाल गुणस्तर चिन्ह ५७२, ४९ तथा BIS (ISI), URS प्रमाणित ISO Certificates प्राप्त शिवम् सिमेन्टले देशको भौतिक विकास निर्माणमा विभिन्न असहज परि स्थितिमा पनि निरन्तर सेवा तथा सुविधा दिदैं आएको छ।

# कुमारी बैंक र वीनरक इन्टरनेशनलबीच उद्यलमशिलता सुदृढिकरणका लागि संझौता



काठमाडौं- सेवा, प्रक्रिया अनि रणनैतिक साझेदारी मार्फत दिगो विकास प्रवर्द्धनमा प्रतिबद्ध कुमारी बैंक लिमिटेडले उद्यमशिलता विकास तथा वित्तिय पहुच विस्तारका लागि वीनरक इन्टरनेशनल सग संझौता गरेको छ।


उक्तछ सहकार्य अन्तर्गत बैंक र विनरकले संयुक्तरुपमा लक्ष्यित समुदायको उद्यमशिलता विकास, वित्तिय साक्षरता विकास, उद्यमीहरुको प्राविधिक तथा व्यवस्थापकिय क्षमता सुदृढिकरण र दिगो व्यावसायिक योजना निर्माणमा क्षमता विकास गर्ने छन्।

दिगो बैंकिङ्ग, वित्तिय समावेशीकरण अनि स्थानिय उद्यम सुदृढिकरण तथा प्रवर्द्धनमा कुमारी बैंकको प्रतिबद्धतालाई पुनः प्रष्ट पार्दै दिगो बैंकिङ्ग विभागका प्रमुख अर्पण पौडेलले भने "यस सहकार्य मार्फत बैंक लक्षित समूहको वित्तिय समृद्धि अभिवृद्धि गर्न तर्फ निरन्तर प्रयत्नशील रहनेछ"।

विगत २४ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ५० एक्सटेन्सन काउन्टर, ४८ शाखा रहित बैंकिङ्ग ईकाईहरु तथा ३१७ एटिएम मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने प्रतिबद्धता जनाएको छ।

# नेपाल बैंक लिमिटेडको टप अप गरौं बोनस पाऔं अभियान सञ्चालनमा

काठमाडौं- नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरु र बैंकमा खाता रहेका ग्राहकहरूलाई लक्षित गरी बैंकको सेवा प्रदायक F1 Soft International Pvt .Ltd को सहकार्यमा ब्राण्ड प्रवर्द्धन एवम् डिजिटल बैंकिङ व्यवसाय अभिवृद्धिको लागि २०८२ पौष महिनाभरि लागु हुनेगरी टप अप गरौं बोनस पाऔं अभियान सञ्चालन गरेको छ। सो अभियान अवधिभर रु. २००/- वा सो भन्दा माथिको रकम NBL Mobile Banking App मार्फत त्यउ गउ गर्ने ८० जनालाई रु. १००/- का दरले




बोनस प्रदान गरिने र सो को घोषणा अभियान अवधि पश्चात गरिने बैंकले जनाएको छ।

यस अभियानले बैंकको डिजिटल बैंकिङ अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास पनि बैंकले लिएको छ। हाल नेपालभर २३१ शखा, २३७ एटिएमका साथै ६१ वटा एक्स्टेन्सन काउन्टरको सञ्जाल मार्फत करिब २७ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुऱ्याईरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ प्रविधि मार्फत बैंकिङ सेवा सुविधा प्रदान गर्दै प्रतिस्पर्धि बैंकको रुपमा अघि बढिरहेको छ। करिब १० लाख ग्राहकहरुले डिजिटल प्रविधि मार्फत बैंकिङ सेवा लिई लाभान्वित हुँदै आइरहेका छन्।

# एन आई सी एशिया बैंकको लिलाम सम्बन्धी जानकारी पोर्टलमा हेर्न सकिने

काठमाडौ। एन आई सी एशिया बैंक लिमिटेडको नाममा रहेका बैंकिङ्ग सम्पत्तिहरु, गैर बैंकिङ्ग सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसमेतको लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारी गराउने उद्देश्यले अनलाईन पोर्टल सार्वजनिक गरिएको बैकले जानकारी दिएको छ।

बैंकले सञ्चालनमा ल्याएको यस अनलाईन पोर्टल मार्फत बैंकले लिलाम बिक्री गर्ने सम्पत्तिहरु सम्बन्धी सम्पूर्ण सूचनाहरूको बारेमा विस्तृत जानकारी समेटिएको छ। यसको लागि ग्राहक महानुभावहरुले लिलाम बिक्री सम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी आउने पोर्टल https://auctionassistance .nicasiabank .com भित्र लिलाम बिक्रीमा रहेका सम्पत्तिहरूको कित्ता नं. तथा क्षेत्रफल सहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेशन) पहिचानका लागि गुगल म्याप सहितका विविध जानकारीहरू प्राप्त गर्न सक्नुहुनेछ। यसरी ग्राहक महानुभावहरूले बैंकले लिलाम बिक्रीमा राखिएको सम्पत्तिको सम्बन्धमा खरिद गर्न चाहेको सम्पत्तिको बारेमा थप जानकारी लिन आवश्यक भएमा सोही सम्पत्ति विवरण रहेको ठाउँमा उपलब्ध म्यासे




ज बक्समा आफ्नो पूरा नाम, इमेल ठेगाना, मोबाइल नम्बर, सम्पर्क ठेगाना राखी म्यासेज समेत पठाउन सकिने व्यवस्था बैंकले गरेको छ।

बैंकले सञ्चालनमा ल्याएको उक्त अनलाईन पोर्टलमा नियमित रुपमा बैंकिङ्ग सम्पत्ति, गैर बैंकिङ्ग सम्पत्ति तथा बैंकमा धितो सुरक्षण रही लिलाम बिक्रीमा रहेको सम्पत्तिहरु र लिलाम बिक्री सम्बन्धी अन्य सूचनाहरू प्रकाशित गरिने हुँदा खरिद गर्न इच्छुक ग्राहक महानुभावहरूले अनलाईन पोर्टलको लिंक https://auctionassistance .nicasiabank .com बाटै बिक्री हुने सम्पत्तिहरुको विस्तृत विवरणहरू सहितको जानकारी लिई लाभ लिन सक्नुहुने बैंकले उल्लेख गरेको छ।

# सिटिजन्स क्यापिटल र पशुपति भेन्चर लिमिटेड बीच सम्झौता

काठमाडौं- पौष ०३, २०८२ (डिसेम्बर १८, २०२५) गते एक समारोह बीच सिटिजन्स क्यापिटल लिमिटेड र पशुपति भेन्चर लिमिटेड बीच धुम्बाराही, काठमाण्डौमा साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ति सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौतामा पशुपति भेन्चर लिमिटेडका तर्फबाट संचालक दिनेश प्रसाद श्रेष्ठ तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृतसबिर बादे श्रेष्ठले हस्ताक्षर गरी उक्त सम्झौतालाई पुर्णत दिएका हुन्।

सम्झौता अनुसार सिटिजन्स क्यापिटल लिमिटेडले पशुपति भेन्चर लिमिटेडको सार्वजनिक निष्काशनको लागि नेपाल धितोपत्र बोर्डको स्वीकृति पश्चात बिक्री प्रबन्धकको कार्य गर्नेछ।

पशुपति भेन्चर लिमिटेड एक इन्भेष्टमेन्ट कम्पनी हो र यसले विगत १५ वर्ष देखि विभिन्न हाइड्रोपावर कम्पनीहरुमा लगानी गर्दै आइरहेको छ। यस कम्पनीको लगानी रहेको खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड तथा माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड लगायतका जलविद्युत कम्पनीहरुले आयोजनाहरु सम्पन्न गरी विद्युत उत्पादन गर्दै आइरहेको छ।

## गोल्यान समूह ७ अर्बको लगानीमा सोलार आयोजना बनाउँदै

काठमाडौं । नविकरणीय ऊर्जामा लगानी विस्तार गर्दै आएको पारिवारिक व्यवसायिक घराना 'गोल्यान ग्रुप'ले विभिन्न पाँच ठाउँमा १०० मेगावाटको सोलार आयोजना बनाउने तयारी गरेको छ। उत्पादनमुलक उद्योग, कृषि, रियल स्टेट, हस्पिटालिटी क्षेत्रसहित जलविद्युत क्षेत्रमा लगानी गर्दै आएको यस ग्रुपले सोलार आयोजनामा पनि लगानी विस्तार गरिरहेको हो। यसैबीच, नेपाल विद्युत प्राधिकरणले हिउँदको समयमा हुने ऊर्जा संकटलाई पूर्ति गर्न ८०० मेगावाट सोलार आयोजनाका लागि टेण्डर आह्वान गरेको थियो।

जसमा ९६० मेगावाटको सौर्य ऊर्जाका लागि प्राविधिक र आर्थिक रुपमा पास भएका ६३ कम्पनी प्राधिकरणले छनोट गरेको थियो। ६३ वटा कम्पनीमा गोल्यान समूहको ५ वटा कम्पनी छनोट भएका थिए ।प्राधिकरणबाट छनोट भएपछि सुरुमा विद्युत विकास विभागबाट सर्भे लाइसेन्स लिनुपर्ने हुन्छ। विभागबाट लाइसेन्स प्राप्त गरेपछि प्राधिकरणले विद्युत खरिद/बिक्री सम्झौता (पीपीए) गर्ने व्यवस्था छ।

# औद्योगिक क्षेत्र निर्माण तथा संचालन गर्न सीएनआई र निफ्राबीच समझदारी

काठमान्डौं। नेपाल उद्योग परिसंघ (सीएनआई) र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) बीच औद्योगिक क्षेत्र निर्माण एवं संचालन गर्न समझदारी भएको छ। नेपाल सरकारले घोषणा गरेको औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारी अवधारणामा निर्माण तथा संचालन गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर भएको हो।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओलीको उपस्थितीमा सीएनआइको तर्फबाट महानिर्देशक डा. घनश्याम ओझा र निफ्राकोतर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत सूर्यबहादुर तामाङले हस्ताक्षर गरेका छन्। दुई संस्थाबीच भएको समझदारी अनुसार नेपाल सरकारले घोषणा गरेको चितवनको शक्तिखोर औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारी अवधारणामा निर्माण तथा संचालनलाई प्राथमिकतामा राखिएको छ। यसैगरी हेटौंडाको मयूरधाप र रुपन्देहीको मोतीपूर औद्योगिक क्षेत्र निर्माण तथा संचालनका लागि सहकार्य गर्ने समझदारी सीएनआई र निफ्राबीच भएको छ।

सरकारले सार्वजनिक निजी साझेदारी अवधारणामा औद्योगिक क्षेत्र निर्माण तथा संचालन गर्न दिने घोषणा गरे अनुसार सीएनआईले औद्योगिक क्षेत्र निर्माणका लागि निफ्रासँग समझदारी गरेको हो। यो समझदारीसँगै सार्वजनिक निजी साझेदारी अवधारणामा निजी क्षेत्रलाई औद्योगिक क्षेत्र निर्माण तथा संचालन गर्न दिन नेपाल सरकारलाई संयुक्त रुपमा प्रस्तावसँगै आग्रह गरिने भनिएको छ। सो अवसरमा सीएनआईका अध्यक्ष वीरेन्द्रराज पाण्डेले औद्योगिक क्षेत्र निर्माण एवं संचालनका लागि निफ्रासँग समझदारी गरी सुरुवातीको काम गर्न लागिएको बताए। सीएनआई र निफ्राबीच भएको यो समझदारी निकै महत्वपूर्ण रहेको उनले बताए। त्यस्तै, निफ्राका प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारीले औद्योगिक क्षेत्र निर्माण सम्बन्धमा सीएनआईसँग भएको यो समझदारीलाई निफ्राले प्रस्थान विन्दुको रुपमा लिएको बताए। उनले परिसंघसँगको सहकार्यमा सार्वजनिक निजी साझेदारी अवधारणामा अगाडि लैजान सकिने बताए।

त्यस्तै, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओलीले सरकारले पीपीपी मोडलमा निजी क्षेत्रलाई पनि औद्योगिक क्षेत्र निर्माण तथा संचालन दिने भनेकाले यो समझदारीले राम्रो सन्देश दिएको बताए।

## खेलकुद

# दमक नमुना च्याम्पियनसिप पौषमा



काठमाडौं- दमक नमुना ब्याडमिन्टन एकेडेमीको आयोजनामा दमक नमुना च्याम्पियनसिप २०८२ पौषको दोस्रो सातामा हुने भएको छ । च्याम्पियनसिप पौष १०, ११ र १२ गते हुने पत्रकार सम्मेलनमा जनायो । दमक नगरपालिका ७ स्थित आयोजकको आफ्नै कभर्ड हलमा हुने च्याम्पियनसिपमा विभिन्न ७ विधामा प्रतिस्पर्धा हुने आयोजकले बतायो । प्रतियोगितामा करिव ४ सय खेलाडीहरुले प्रतिस्पर्धा गर्ने अनुमान लगाइएको छ ।

कुल ६ लाख ६५ हजार पुरस्कार रासी रहेको च्याम्पियनसिपमा खुला पुरुष युगल र १०० प्लस पुरुष मास्टर युगल तर्फका बिजेता, उपबिजेता र सेमिफाइनलिस्टले नगद ७१ हजार, ५१ हजार र ४१ हजार प्राप्त गर्नेछन् ।

यस्तै मिक्स युगल, महिला युगल र बि डिभिजन खुला पुरुष युगल तर्फ ४१ हजार, ३१ हजार र २१ हजार, उमेर समूह तर्फ १० हजार, ६ हजार र ६ हजार प्राप्त गर्ने बिज्ञप्तीमा जनाइएको छ । तीन दिने च्याम्पियनसिको अनुमानित लागत २४ लाख ७४ हजार रहेको छ ।

# नेपाल ओलम्पिक कमिटीद्वारा १४ खेलाडीलाई छात्रवृत्ति

काठमाडौं- नेपाल ओलम्पिक कमिटी (एनओसी) ले नेपाली खेलकुदको व्यावसायिक विकास र अन्तर्राष्ट्रिय मञ्चमा सफलता प्राप्त गर्ने लक्ष्यका साथ १४ जना खेलाडीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

शुक्रबार काठमाडौंमा एक विशेष कार्यक्रम आयोजना गर्दै एनओसीले आगामी २०२८ लस एन्जलस ओलम्पिक, आइची-नागोया एसियन गेम्स र युथ ओलम्पिक गेम्सलाई लक्षित गरी खेलाडीहरूसँग औपचारिक सम्झौता गरेको हो । एनओसीले सन् २०२८ मा अमेरिकामा आयोजना हुने ओलम्पिकको तयारीका लागि ८ जना उच्च प्रतिभा भएका खेलाडीहरूलाई विशेष छात्रवृत्तिमा समेटेको छ । यस अन्तर्गत ब्याडमिन्टनका प्रीन्स दाहाल, साइक्लिङकी उषा खनाल, गल्फका सद्भाव आचार्य, जुडोकी मनिता श्रेष्ठ प्रधान, टेबल टेनिसकी इभाना थापा, टेनिसकी सिभाली गुरुङ, स्पोर्ट्स क्लाइबिङकी तेन्जिङ राई र स्विमिङका एर्भिन श्रेष्ठ रहेका छन् । यी खेलाडीहरूले सम्बन्धित खेल संघमार्फत प्रत्येक महिनामा १ हजार १ सय २५ अमेरिकी डलर प्राप्त गर्नेछन् ।

**एसियन गेम्स र युथ ओलम्पिकका लागि सहयोग**

त्यसैगरी, आगामी एसियन गेम्सका



लागि पाँच जना पदक सम्भावना भएका खेलाडीहरूलाई छनोट गरिएको छ । जसमा करातेकी एरिका गुरुङ र सानुमाया थिङ, आर्चरीका तिलक पुन मगर, बक्सिङका चन्द्रबहादुर थापा र उसुकी सुस्मिता तामाङ रहेका छन् । त्यस्तै, युथ ओलम्पिकका लागि उसु खेलाडी रश्मि तामाङ छनोट भएकी छन् । एनओसी अध्यक्ष जीवनराम श्रेष्ठका अनुसार यी दुवै विधाका खेलाडीहरूले आफ्नो तयारीलाई सुदृढ बनाउन मासिक ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

नेपाल ओलम्पिक कमिटीले यस कार्यक्रमलाई केवल आर्थिक सहयोग मात्र नभई नेपाली खेलाडीहरूको प्रदर्शनमा सुधार ल्याउने एउटा रणनीतिक कदमको रूपमा लिएको छ । पत्रकार सम्मेलनमा अध्यक्ष श्रेष्ठले यो छात्रवृत्तिले खेलाडीहरूलाई ढुक्क भएर प्रशिक्षणमा लाग्न प्रेरित गर्ने र अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थिति बलियो बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# दीपाले गरिन् ह्वीलचियरमै बसेर बन्जी जम्प



काभ्रेपलाञ्चोक । नेपालमै पहिलोपटक अपाङ्गता भएकी महिलाले ह्वीलचियरसहित बन्जी जम्प गरेकी छन् । आफ्नो जन्मदिनको अवसर पारेर सिन्धुलीको कमलामाई नगरपालिका-४ निवासी दीपा देवकोटाले मंगलबार भोटेकोशी गाउँपालिकाको सिन्धुपाल्चोकको 'द लास्ट रिसोर्ट'मा रहेको १६० मिटर उचाइको पुलबाट बन्जी जम्प गरेकी हुन् ।

देवकोटाले सफलतापूर्वक बन्जी जम्प गर्दै साहसिक खेलकुदमा अपाङ्गता बाधा होइन यो अवस्था मात्रै हो भन्ने सन्देश दिएकी छन् ।

स्पाइनल बाइफिडा शारीरिक अपाङ्गता भएकी देवकोटाले बन्जी जम्पपछि भनिन, 'अपाङ्गता कमजोरी होइन । आत्मबल र अवसर पाएमा हामी पनि सबै क्षेत्रमा अघि बढ्न सक्छौं । मेरो यो प्रयासले अपाङ्गता भएका दिदीबहिनी तथा दाजुभाइहरूलाई आत्मविश्वासका साथ अघि बढ्न प्रेरणा दिने विश्वास लिएको छु ।'

सक्रिय अपाङ्गता अधिकारकर्मीसमेत रहेकी देवकोटाले अपाङ्गता भएका व्यक्तिहरू पनि समाज, समुदाय र राष्ट्रका हरेक गतिविधिमा समान रूपमा सहभागी हुन सक्षम छन् भन्ने सन्देश यस साहसिक कार्यमार्फत प्रवाह गरेकी छन् ।

'अपाङ्गता भएको सन्तान जन्माएको भन्दै समाजले मेरा आमाबुबालाई सामाजिक र मानसिक रूपमा विभेद गरिरहँदा पनि म आज यहाँ उभिन सकेकी छु । त्यसैले म मेरा जन्मदिने आमाबुबालाई धन्यवाद दिन चाहन्छु-एक सक्षम र साहसी छोरी जन्माइदिनुभएकोमा', उनले अघि भनिन्, 'अपाङ्गताले मेरो जीवनको कुनै पनि अध्याय रोक्ने छैन । यही कारण मेरा लागि मेरा अभिभावक र मेरो जन्मदिन दुवै विशेष छन् ।'

यसअघि सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-५ का दिलीप सापकोटा र सिन्धुली कमलामाई ५ का शिशिर दाहालले सिन्धुपाल्चोकको भोटेकेशी नदीमाथिको झोलुङ्गे पुलबाट ह्वीलचियरसँगै बन्जी जम्प गरेका थिए ।

# पालिकाहरूले तिरेनन् मधेश सरकारलाई ६२ करोड राजस्व

जनकपुरधाम- स्थानीय सरकारहरूले नदीजन्य पदार्थबाट हुने आम्दानी प्रदेश सरकारलाई बुझाएका छैनन् । महालेखा परीक्षकको प्रतिवेदन अनुसार हालसम्म स्थानीय सरकारहरूले ६२ करोड भन्दा बढी राजस्व मधेश सरकारको संचित कोषमा दाखिला नगरेको पाइएको छ ।

मधेश सरकारको आर्थिक ऐनमा नदीजन्य पदार्थ गिट्टी, बालुवा, ढुंगाको स्थानीय तहले ६० र प्रदेश सरकारले ४० प्रतिशत राजश्व बाँडफाँड हुने उल्लेख छ । यसरी रकम दाखिला नगर्नेमा वीरगञ्ज महानगरपालिकासहित दुई दर्जन पालिकाहरू छन् ।

**संस्कारलाई दोष**

बाराको निजगढ नगरपालिकाले स्थापनाकालदेखि अहिलेसम्म उसले गिट्टी बालुवाको राजश्व नै बुझाएको छैन । प्रतिवेदन अनुसार उसले तिर्नंपर्ने राजश्व रु. २३ करोड ९२ लाख भन्दा बढी छ ।

निजगढका नगर प्रमुख सुरथ पुरी पहिलादेखि नै राजश्व



दाखिला नगर्ने संस्कारको कारण आफूहरूले पनि बुझाउन नसकेको स्वीकारे ।आफू निर्वाचित भएर आएको वर्ष ठेक्का नलागेको उनको भनाइ छ । उनी भन्छन्, 'दुरुपयोग भएको होइन । यही विकास निर्माणमै खर्च भएको हो ।'

प्रदेश सरकारबाट पनि समयमा खोजी नहुँदा यो अवस्था आएको दाबी उनको छ ।स्थानीय तह वित्तीय संघीयतामा जिम्मेबार नहुँदा गर्नंपर्ने राजश्व दाखिला प्रदेश संचित कोषमा नगरेको अर्थ मन्त्रालय मधेश प्रदेशका सचिव रामकुमार महतो बताउँछन् । उनी भन्छन्, 'स्थानीय तह वितीय संघीयतामा गैर जिम्मेवार देखिन्छ । जसले गर्दा प्रत्येक वर्ष महालेखा परीक्षकले बेरुजु ठहर्याएको छ ।' गत साउन ३० गते मधेश प्रदेशका सबै स्थानीय तहमा अर्थ मन्त्रालयले पत्राचार गरी राजश्व बाँडफाडको रकम प्रदेश संचित कोषमा दाखिला गर्न आग्रह गर्दै अन्यथा रोक्का गर्ने चेतावनी समेत दिएको थियो ।

**रोकियो अनुदान**

राजश्व नबुझाउने र बाँकी रहेका स्थानीय तहको मधेश सरकारले प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का गरेको छ । स्थानीय तहले संकलन गरी बाँडफाँट गर्नं पर्ने ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर वहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर लगायतका राजस्व संकलन गरी कतिपय स्थानीय तहले कानून वमोजिम वाँडफाँट गरी प्रदेश सञ्चित कोषमा विगत वर्षदेखि नै दाखिला नभएको पत्रमा उल्लेख छ ।

पत्रमा भनिएको छ, ' प्रदेशको सम्पूर्ण हिस्सा प्रदेश सञ्चित कोषमा अनिवार्यरुपमा दाखिला हुन अनुरोध गर्दै उल्लिखित रकम दाखिला नभएको देखिएमा प्रदेशवाट तहाँ स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का राखिने तथा कट्टा गरी समायोजन गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।'

# गगन थापाले सुनाए आफ्नो खाटमा चोर सुतेकोदेखि डेरा नपाएकोसम्म कथा




काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री गगन थापाले जेनजी आन्दोलन र त्यसपछिका दिनमा आफ्नो खाटमा चोर सुतेकोदेखि डेरा नपाएकोसम्मका अनुभूति सार्वजनिक गरेका छन् ।

धुम्बारीस्थित एक पार्टी प्यालेसमा आज बिहान कार्यकर्ता तथा शुभचिन्तकहरुसँगको छलफलमा थापाले जेनजी आन्दोलन र त्यसपछिका दिनमा भोगेका अनुभवहरु साझा गरेका हुन् ।

जेनजी आन्दोलनको क्रममा रातोपुलस्थित थापाको घरमा आगजनी भएको थियो । त्यसपछि डेरा खोजेको तर गगन थापा बस्ने भन्ने थाहा पाएपछि घरबेटीले भाडामा दिन नमानेको उनले सुनाए ।

'बानेश्वरमा साथीहरुले डेरा खोजेको, हुन्छ-हुन्छ भन्नुभएछ । अनि को बस्ने भनेको फलानो भनेपछि त पहिला छ भनेको पनि पछि त यहाँ पानी आउँदैन भनेर पठाइदिनु भएछ,' महामन्त्री थापाले सुनाए, 'हाम्रो हालत त त्यो थियो नि पहिला ।'

बानेश्वरमा डेरा नपाएपछि अहिले बुढानीलकण्ठको चपलीमा बसिरहेको उनले जानकारी दिए । 'खोज्दै जाने क्रममा मेरो श्रीमतीले भाइटीका लगाउने गरेको दाइ, उहाँहरुको पुरानो घर, त्यहाँ पहिला स्कुल बसेको, अहिले सरेको, ठ्याक्क समय मिल्यो, केही समय खाली भएको ठाउँ, त्यहाँ बसिरहेको छु ।' आफू जन्मेहुर्केको रातोपुलको घर पुनर्निर्माण हुन केही समय लाग्ने र पुनर्निर्माण भइसकेपछि पुनः त्यहीँ सर्ने उनले बताए ।

थापाले जेनजी आन्दोलनको क्रममा घरमा आगजनी भएपछि स्थानीय कार्यकर्ताहरुले आफूलाई र आफ्ना परिवारका सदस्यहरुलाई उद्धार गरेको पनि उनले बताए ।

तेस्रो दिन घरमा पुग्दा आफ्नो खाटमा एक जना चोर सुतिरहेको देखेको थापाले सुनाए । 'तेस्रो दिन घरमा पुग्दा एउटा चोर त मेरो लुगा लगाएर मेरै खाटमा सुतिराको,' थापाले भने, 'कहाँबाट आयो यो भनेको त पहिलो दिनमा लुगासुगा चोरेर गएको रहेछ । अरु केही बाँकी छ भनेर आको रे । आएपछि एकछिन सुत्न मन लाग्यो रे । यसो सुतेको निद्रा लागेको रे ।'

त्यस चोरलाई 'साथीहरु'ले त्यहीँबाट पक्राउ गरेर लिएर गएको उनले बताए ।

'भदौ २३ गतेको घटनाको जिम्मेवारी तत्कालीन सरकारले लिनुपर्छ'

कांग्रेस महामन्त्री थापाले गत भदौ २३ गते जेनजी आन्दोलनको क्रममा भएका घटनाको जिम्मेवारी तत्कालीन सरकारले लिनुपर्ने बताए ।

थापाले भने, 'घटना कसरी भयो यसको छानबिन हुँदै गर्ला तर यसको जिम्मेवारी सरकामा बस्ने साथीहरुले लिनुपर्छ। म भए लिन्थेँ । जो छ उसले लिनुपर्छ । प्रधानमन्त्रीले लिनुपर्छ ।' नैतिक जिम्मेवारी लिँदैमा कोही सानो नभइने उनको भनाइ छ । उनले भदौ २३ गतेको घटनालाई अकल्पनीय, दुःखद र कालो दिनको संज्ञा दिए । कांग्रेस नेतासमेत रहेका तत्कालीन गृहमन्त्री रमेश लेखकलाई राजीनामा दिन लगाएको जानकारी पनि उनले दिए ।

# २१ फागुनको चुनावका लागि मतपेटिका र मसी किन्नु नपर्ने

काठमाडौं । २१ फागुनको प्रतिनिधिसभा सदस्यको चुनावका लागि मतपेटिका र मसी किन्नु नपर्ने भएको छ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचनमा प्रयोग गरिने ५१ सामग्रीहरू आयोगले पहिचान गरेको छ । ती सामग्रीमध्ये ३७ वटा सामग्रीहरू जिल्लास्तरबाट नै खरिद गर्ने र बाँकी १४ वटा सामग्रीहरू मात्रै आयोगले खरिद गरेर उपलब्ध गराउनेगरी काम भइरहेको छ ।

उनले पित्तलको स्वस्तिक चिह्न छाप, स्ट्यम्प प्याड र स्ट्याम्प प्याड मसी, कागज, डटपेन, धागो, सियो, पिन, किला, स्टापलर, गम, लाहा, मैनबत्ती, ब्लेड, कार्बन पेपर, कैँची लगायतका सामग्रीका सम्बन्धमा नपुग सामग्री मात्र खरिद गर्नेगरी आयोगले प्रक्रिया अगाडि बढाएको उनले जानकारी दिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय सिंहदरवारमा जारी सर्वपक्षीय छलफलमा उनले यस्तो जानकारी गराएका हुन् ।



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २१,
२०८२ साल पुस ८ गते मंगलबार
23 DECEMBER 2025, TUESDAY

# जाडो बढेसँगै ताप्लेजुङका हिमाली बस्ती सुनसान



ताप्लेजुङ- केहीदिन यतादेखि चिसो बसेसँगै जिल्लाका हिमाली क्षेत्रका बस्तीहरू भएका छन्। जाडो बढ्न थालेपछि स्थानीय आफ्नो बस्ती छोडेर अन्यत्र जान थालेपछि हिमाली बस्तीहरू खाली भएका हुन्।

ि ज ल ल ा क ा ` मिक्वाखोला गाउँपालिका-५, तोक्पेगोला र लोदेनको माथिल्लो भेगमा बसोबास गर्ने सर्वसाधारण अहिले तलका (औलतिर) का बस्तीमा झरेका छन् । जाडो बढेसँगै पशुचौपायासहित यहाँका स्थानीयहरू औलतर्फ झर्ने गरेका तोक्पेगोलाका मिलनदोर्जी शेर्पाले बताए । उनले भने, 'हिउँदको समयमा जाडो छल्नकै लागि अन्यत्र जाने गरिन्छ, पशुपालक र व्यवसायमा लागेका मानिस तल्लो क्षेत्रमा रहेका घर, खर्कमा गएर बस्छन् । कतिपय अन्यत्र घुमघाम र भेटघाटमा जान्छन् ।'

शेर्पाका अनुसार तोक्पेगोलामा सामान्य अवस्थामा सात परिवार बसोबास गर्छन्, तर अहिले सबै घर रित्तो छन् । घुन्सा, फलेलगायत माथिल्लो भेगमा बसोबास गर्ने र पशुपालन गर्ने मानिसहरू औलतर्फ झरेका बताउँदै उनले सो क्षेत्रमा करिब ४०-४५ परिवार बसोबास गर्ने जानकारी दिए । सो क्षेत्रका पनि आधाजसो परिवार मंसिरर अन्तिमदेखि नै घरमा ताल्चा लाएर अन्यत्र गएका छन् ।

स्थानीय छेतेन डण्डु शेर्पाका अनुसार पर्यटन व्यवसायमा संलग्न नभएका अधिकांश मानिस जाडो छल्न अन्यत्र गएका छन् । वर्षाका समयमा खेतीपातीमा व्यस्त हुने मानिसहरू पुस र माघमा बढी जाडो हुने भएकाले काठमाडौं, सिक्किम, दार्जेलिङलगायत ठाउँमा जान्छन् वा अन्य घरमा बस्छन् । घुन्सामा आधाजसो पर्यटन व्यवसायमा संलग्न भने घरैमा बसेका उनको भनाइ छ। छेतेनले भने, 'धेरैजसोका छोराछोरी पढ्न सहरतिर गएकाले यो समयलाई छोराछोरी र आफन्त भेट्ने अवसरका रूपमा लिने गरिन्छ ।' जिल्लाका हिमाली भेगमा बसोबास गर्ने मानिस बर्सेनि जाडो छल्न अन्यत्र जाने गर्छन्। पहिले पूरै गाउँ रित्तो हुने गरे पनि आजभोलि भने बिजुली, सञ्चारलगायत सुविधाले गर्दा आधाजसोले मात्र गाउँ छाड्ने गरेका स्थानीय बताउँछन्।

## अन्तराष्ट्रिय

# अमेरिकाले फिर्ता बोलायो नेपालसहित ३० देशका राजदूत



अमेरिका – अमेरिकाले नेपालसहित ३० देशका राजदूतलाई फिर्ता बोलाएको छ । अमेरिकी विदेश मन्त्रालयले नेपालसहित ३० देशका दूताबासबाट राजदूत र वरिष्ठ पदका कर्मचारीलाई फिर्ता बोलाएको हो ।

नेपालसहित बुरुन्डी, क्यामरुन, केप भर्डे, गाबोन, आइभोरी कोस्ट, माडागास्कर, मोरिसस, नियजर, नाइजेरिया, रुवान्डा, सेनेगल, सोमालिया, युगान्डा, फिजी, लाओस, मार्सल टापु, पपुवा न्यू गिनी, फिलिपिन्स, भियतनाम, अर्मेनिया, म्यासेडोनिया, मोन्टेनेग्रो, स्लोभाकिया, अल्जेरिया, इजिप्ट, श्रीलंका, ग्वाटेमाला र सुरिनामका राजदूतलाई फिर्ता बोलाएको विदेश सचिव मार्को रुबियोले वासिङ्टन डीसीस्थित स्टेट डिपार्टमेन्टमा शुक्रबारआयोजितपत्रकारसम्मेलनमा जानकारी दिए ।

पूर्वराष्ट्रपति जो बाइडेन कार्यकालमा नियुक्त गरिएका राजदूतलाई ट्रम्प प्रशासनले आफ्नो कार्यकालको एक वर्षपछि फिर्ता बोलाएको र अरू राजनीतिक नियुक्तिहरु पनि खारेज गर्न सक्ने सम्भावना रहेको विदेश सचिव रुबियोले बताएको समाचार संस्था एसोसिएटेड प्रेस (एपी)ले उल्लेख गरेको छ । राजदूतको कार्यकाल अवधि सामान्यतया ३ देखि ४ वर्ष हुने भए पनि राजनीतिक नियुक्ति भएकाले राष्ट्रपति प्रशासनले कुनै पनि समयमा फिर्ता बोलाउन सक्ने प्रावधान रहेको रुबियोले बताए ।

नयाँ राजदूत नियुक्तिबारे विदेश मन्त्रालयलाई ट्रम्प प्रशासनले हालसम्म कुनै जानकारी दिएको छैन । राजदूत नियुक्तिमा ढिलाइ नहुने र राजदूत राष्ट्रपतिको व्यक्तिगत प्रतिनिधि पनि भएकाले राष्ट्रपतिबाटै निर्णय हुने विदेश मन्त्रालयले दाबी गरेको छ ।

**सभापति देउवा...**

सभापति देउवा र अध्यक्ष ओलीबीच भेटवार्ता भएको थियो। त्यतिवेला आन्दोलनकारीहरुले देउवा दम्पतीमाथि निर्घात कुटपिट गरेका हुनाले स्वास्थ्य अवस्था बुझ्न भनेर एमालेका अध्यक्ष केपी ओलीले सञ्चारकर्मीलाई जानकारी दिएका थिए ।

लोकतान्त्रिक मुलुकहरुमा ठूला दलहरुले सरकार चलाउने प्रचलन नै छ । नेपालमा पनि त्यो अभ्यास नै थियो। तर २३ र २४ गतेको आन्दोलन पछि उक्त अभ्यास नेपालको लागि भने काम लागेन । यतिवेला आन्दोलनवाट आाएको सरकार बनेको छ । आन्दोलनवाट बनेको सरकारले आउदो फागुन २१ गते निर्वाचन गर्ने मिति तोकिसकेको छ ।

यहि निर्वाचन कसरी गर्ने र के गर्ने भन्ने विषयमा नेपाली काँग्रेस र नेकपा एमाले पार्टीका शिर्षस्थ नेताहरु भेटघाटमा रहेका होलान् भन्ने धेरैको आकलन छ। नेपालमा बहुदलीय व्यवस्था स्थापना पछि सवैभन्दा धेरै सरकारमा आलोपालो गरी देश चलाउने पार्टी नेकपा एमाले र नेपाली काँग्रेस हुन् । यि दुई पार्टीले नेपालको विकासमा चित्त बुझ्ने गरी काम गरेनन् भनेर नेपालीहरुले सार्वजनिकस्थलहरुमा गफ गरेको सुनिन्थो । त्यो कुरालाई बेलैमा सरकारमा रहेका नेपाली काँग्रेस नेकपा एमाले पार्टीहरु सरकारमा हुदा बुझ्न सकेनन् । त्यसैको परिणाम दुईतिहाई स्पष्ट बहुमत भएको पार्टीको सरकावाट अपदस्त हुन पुगेको होला ।

यतिवेला देशमा धेरै साशन चलाएको अनुभव नेपाली युवा पुस्तालाई हस्तान्तरण गरेर जान यि पार्टीका शिर्षस्थ नेतृत्वले आट गरुण भन्ने नेपाली समाजमा सुनिन्छ। त्यस्तो खालको त्याग नेतृत्व तहले गर्छकी गर्दैन हेर्न बाँकी नै छ ।

**ओली र लेखक...**

दिनमा बयान सकेपछि आयोगले पत्रको तयारी गर्नेछ । 'बाँकी रहेका केही बयान सकेपछि हामीले तत्कालीन सरकारको नेतृत्व र शान्ति सुरक्षाको जिम्मेवारीमा रहेका गृहमन्त्रीलाई डाक्नेछौं' जाँचबुझ आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले भने, 'उहाँहरूलाई बयानका लागि आयोगले पत्राचार गरेरै बोलाउनेछ ।'

आयोगले आफ्नै कर्मचारी वा सुरक्षाकर्मीहरू परिचालन गरेर उनीहरूकोमा म्याद तामेल गर्नेछ। गृहमन्त्री रमेश लेखकले पूर्वसूचना भए आफू कुनै पनि दिन आएर आयोगमा आफ्नो भनाइ राख्न तयार रहेको मौखिक सन्देश आयोगका एक सदस्यलाई पठाइरहेका छन् । आयोगसम्बद्ध स्रोतका अनुसार, 'लेखकको बयानको हकमा कुनै पनि खास समस्या देखिएको छैन ।'

पूर्वप्रधानमन्त्री केपी ओलीको बयानबारे भने आयोगका अध्यक्ष र सदस्यहरू बीच नियमित रूपमा छलफल चलिरहेको छ। कसरी म्याद तामेल गर्ने र ओली बयानमा नआएमा के गर्ने भन्नेबारेमा विभिन्न विकल्पबारे छलफल भएपनि आयोगका पदाधिकारीहरू कुनै निष्कर्षमा पुगेका छैनन् ।

आयोगकै कर्मचारी वा प्रहरी परिचालन गरेर ओलीको घरमा म्याद तामेल गर्नेसम्मको तयारी छ। त्यहाँ पुगेका कर्मचारीहरूबाट ओलीले पत्र बुझ्न मानेमा भर्पाइ गराउने तयारी छ भने पत्र नै बुझ्न नमानेमा घरको भित्तामा पत्र टाँसेर म्याद तामेल गर्ने वा सञ्चारमाध्यमबाटै सूचना निकाल्ने भन्नेबारे छलफल चलिरहेको छ।

आइतबार मात्रै हिमालय टेलिभिजनसँगको अन्तर्वार्तामा पूर्वप्रधानमन्त्री ओलीले आफू जाँचबुझ आयोगमा बयान दिन नजाने भन्दै त्यसबापत गिरफ्तार हुनुपरे आफू तयार रहेको प्रतिक्रिया दिएका थिए।

उनले आयोगको विश्वसनीयतामा प्रश्न उठाँउदै बयान नदिएकै कारण आफूलाई गोली नै हाने पनि हुने भनी आक्रोश पोखेका थिए ।

आयोगका पदाधिकारीहरू बीच पनि ओली बयानमा नआउँदा हुने परिस्थितिबारे छलफल भइरहेको छ । जाँचबुझमा असहयोग गरेबापत हुने जरिवानादेखि गिरफ्तारीबारे छलफल भएको हो। तर पक्राउ गरेर आयोगमा उपस्थित गराए पनि उनी बोल्न मानेनन् भने त्यसको कुनै अर्थ नहुने भन्दै आयोगका पदाधिकारीहरूले त्यस्तो अवस्थामा के गर्ने भन्नेबारे छलफल गरिरहेका छन् ।

आयोगले बानेश्वरस्थित संसद् भवनमा गोली चलाउने सुरक्षाकर्मी, उनीहरूलाई आदेश दिने कमान्डर, बल प्रयोगको लिखित आदेश दिने काठमाडौंका प्रमुख जिल्ला अधिकारी एवं गृहसचिवसँग समेत बयान लिइसकेको छ ।

आयोगका पदाधिकारीहरूले बयान एवं संकलित तथ्यका आधारमा प्रधानमन्त्री र गृहमन्त्रीलाई सोध्ने प्रश्नहरूको खाका पनि तयार गरिरहेका छन्।

'माथिल्लो तहका व्यक्तिहरूलाई आयोगले बयानमा नै बोलाउँदैन कि भन्ने कतिपयको आशंका छ' आयोगका सदस्य शर्माले भने, 'हामीले बोलाउनुपर्ने कसैलाई पनि सहुलियत र उन्मुक्ति दिंदैनौं । उनीहरू अनुसन्धानको दायरामा आउनेछन् ।'

**जेन्जी आन्दोलन...**

सुरक्षा मन्त्रालयले हालै मात्र वैदेशिक रोजगारीमा जाने स्वास्थ्य परीक्षण शुल्कमा गरिएको बृद्धि खारेज गरेको थियो । श्रममन्त्री राजेन्द्र भण्डारीले यसअघि गरिएको शुल्क बृद्धिको निर्णय खारेज गरेका थिए । ६ हजार ५ सयबाट बढाएर ९ हजार ५ सय रूपैयाँ पुऱ्याइएको थियो ।

म्यानपावर व्यवसायीहरूले नै शुल्कबृद्दिको विरोध गरेका थिए। संघले उक्त विषयमा समिति नै गठन गरेको थियो । समिति र स्वास्थ्य संस्था संचालन संघबीच सहमति भएको हो ।

सहमति अनुसार श्रममन्त्री भण्डारीले शुल्कबृद्दिको निर्णय खारेज गरेकोमा स्वागत गरेका छन्। निर्णय खारेज भईसकेपछि पनि केही स्वास्थ सस्थाले वृद्धि भएको शुल्क ९ हजार ५ सय नै कायम गर्नपर्ने भन्दै अनावश्यक बहाना बनाइ स्वास्थ परीक्षण रोकेका छन् । जसले गर्दा विशेषत मलेसिया जाने तयारीमा रहेका हजारौं श्रमिकहरु केही दिन देखि काठमाडौंमा अलपत्र परेको श्रेष्ठले बताए ।

नेपाल वैदेशिक रोजगार ब्यबसायी संघ र स्वास्थ सस्था संचालक संघ नेपाल अन्तर्गत रहेका स्वास्थ सस्थाहरूबीच पुरानै मुल्यमा श्रमिकको स्वास्थ परीक्षण गर्ने सहमति भएको श्रेष्ठले बताए ।

सरकारी निर्णयको उल्लङघन गरी बढि रकम असुल्न खोज्ने स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य परिक्षण नगर्न नगराउन समेत सबैमा अनुरोध गरेका छन् ।

साविक बमोजिम नै सरकारले तोकेको गुणस्तरीय स्वास्थ्य परिक्षण गर्ने गराउने र कामदारको स्वास्थ्य सुरक्षासँग सम्बन्धित सर्तहरु एक आपसमा पालना गर्न दुवै संस्था सहमत भएका छन् ।

**ओली र लेखक...**

दिनमा बयान सकेपछि आयोगले पत्रको तयारी गर्नेछ । 'बाँकी रहेका केही बयान सकेपछि हामीले तत्कालीन सरकारको नेतृत्व र शान्ति सुरक्षाको जिम्मेवारीमा रहेका गृहमन्त्रीलाई डाक्नेछौं' जाँचबुझ आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले भने, 'उहाँहरूलाई बयानका लागि आयोगले पत्राचार गरेरै बोलाउनेछ ।'

आयोगले आफ्नै कर्मचारी वा सुरक्षाकर्मीहरू परिचालन गरेर उनीहरूकोमा म्याद तामेल गर्नेछ। गृहमन्त्री रमेश लेखकले पूर्वसूचना भए आफू कुनै पनि दिन आएर आयोगमा आफ्नो भनाइ राख्न तयार रहेको मौखिक सन्देश आयोगका एक सदस्यलाई पठाइरहेका छन् । आयोगसम्बद्ध स्रोतका अनुसार, 'लेखकको बयानको हकमा कुनै पनि खास समस्या देखिएको छैन ।'

पूर्वप्रधानमन्त्री केपी ओलीको बयानबारे भने आयोगका अध्यक्ष र सदस्यहरू बीच नियमित रूपमा छलफल चलिरहेको छ। कसरी म्याद तामेल गर्ने र ओली बयानमा नआएमा के गर्ने भन्नेबारेमा विभिन्न विकल्पबारे छलफल भएपनि आयोगका पदाधिकारीहरू कुनै निष्कर्षमा पुगेका छैनन् ।

आयोगकै कर्मचारी वा प्रहरी परिचालन गरेर ओलीको घरमा म्याद तामेल गर्नेसम्मको तयारी छ। त्यहाँ पुगेका कर्मचारीहरूबाट ओलीले पत्र बुझ्न मानेमा भर्पाइ गराउने तयारी छ भने पत्र नै बुझ्न नमानेमा घरको भित्तामा पत्र टाँसेर म्याद तामेल गर्ने वा सञ्चारमाध्यमबाटै सूचना निकाल्ने भन्नेबारे छलफल चलिरहेको छ।

आइतबार मात्रै हिमालय टेलिभिजनसँगको अन्तर्वार्तामा पूर्वप्रधानमन्त्री ओलीले आफू जाँचबुझ आयोगमा बयान दिन नजाने भन्दै त्यसबापत गिरफ्तार हुनुपरे आफू तयार रहेको प्रतिक्रिया दिएका थिए।

उनले आयोगको विश्वसनीयतामा प्रश्न उठाँउदै बयान नदिएकै कारण आफूलाई गोली नै हाने पनि हुने भनी आक्रोश पोखेका थिए ।

आयोगका पदाधिकारीहरू बीच पनि ओली बयानमा नआउँदा हुने परिस्थितिबारे छलफल भइरहेको छ । जाँचबुझमा असहयोग गरेबापत हुने जरिवानादेखि गिरफ्तारीबारे छलफल भएको हो। तर पक्राउ गरेर आयोगमा उपस्थित गराए पनि उनी बोल्न मानेनन् भने त्यसको कुनै अर्थ नहुने भन्दै आयोगका पदाधिकारीहरूले त्यस्तो अवस्थामा के गर्ने भन्नेबारे छलफल गरिरहेका छन् ।

आयोगले बानेश्वरस्थित संसद् भवनमा गोली चलाउने सुरक्षाकर्मी, उनीहरूलाई आदेश दिने कमान्डर, बल प्रयोगको लिखित आदेश दिने काठमाडौंका प्रमुख जिल्ला अधिकारी एवं गृहसचिवसँग समेत बयान लिइसकेको छ ।

आयोगका पदाधिकारीहरूले बयान एवं संकलित तथ्यका आधारमा प्रधानमन्त्री र गृहमन्त्रीलाई सोध्ने प्रश्नहरूको खाका पनि तयार गरिरहेका छन्।

'माथिल्लो तहका व्यक्तिहरूलाई आयोगले बयानमा नै बोलाउँदैन कि भन्ने कतिपयको आशंका छ' आयोगका सदस्य शर्माले भने, 'हामीले बोलाउनुपर्ने कसैलाई पनि सहुलियत र उन्मुक्ति दिंदैनौं । उनीहरू अनुसन्धानको दायरामा आउनेछन् ।'

**जेन्जी आन्दोलन...**

सुरक्षा मन्त्रालयले हालै मात्र वैदेशिक रोजगारीमा जाने स्वास्थ्य परीक्षण शुल्कमा गरिएको बृद्धि खारेज गरेको थियो । श्रममन्त्री राजेन्द्र भण्डारीले यसअघि गरिएको शुल्क बृद्धिको निर्णय खारेज गरेका थिए । ६ हजार ५ सयबाट बढाएर ९ हजार ५ सय रूपैयाँ पुऱ्याइएको थियो ।

म्यानपावर व्यवसायीहरूले नै शुल्कबृद्दिको विरोध गरेका थिए। संघले उक्त विषयमा समिति नै गठन गरेको थियो । समिति र स्वास्थ्य संस्था संचालन संघबीच सहमति भएको हो ।

सहमति अनुसार श्रममन्त्री भण्डारीले शुल्कबृद्दिको निर्णय खारेज गरेकोमा स्वागत गरेका छन्। निर्णय खारेज भईसकेपछि पनि केही स्वास्थ सस्थाले वृद्धि भएको शुल्क ९ हजार ५ सय नै कायम गर्नपर्ने भन्दै अनावश्यक बहाना बनाइ स्वास्थ परीक्षण रोकेका छन् । जसले गर्दा विशेषत मलेसिया जाने तयारीमा रहेका हजारौं श्रमिकहरु केही दिन देखि काठमाडौंमा अलपत्र परेको श्रेष्ठले बताए ।

नेपाल वैदेशिक रोजगार ब्यबसायी संघ र स्वास्थ सस्था संचालक संघ नेपाल अन्तर्गत रहेका स्वास्थ सस्थाहरूबीच पुरानै मुल्यमा श्रमिकको स्वास्थ परीक्षण गर्ने सहमति भएको श्रेष्ठले बताए ।

सरकारी निर्णयको उल्लङघन गरी बढि रकम असुल्न खोज्ने स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य परिक्षण नगर्न नगराउन समेत सबैमा अनुरोध गरेका छन् ।

साविक बमोजिम नै सरकारले तोकेको गुणस्तरीय स्वास्थ्य परिक्षण गर्ने गराउने र कामदारको स्वास्थ्य सुरक्षासँग सम्बन्धित सर्तहरु एक आपसमा पालना गर्न दुवै संस्था सहमत भएका छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# नयाँछुट्टै पहिचान बनाउँदै एनिस एन्जल राई



काठमाडौं- गीत संगीत भनेको ध्वनि, लय, ताल र भावनाको कलात्मक मिश्रण हो, जसले मानिसको मनलाई आनन्दित पार्छ, दुःख भुलाउँछ र संस्कृतिको पहिचान गराउँछस नेपाली संगीतमा लोक, सुगम, शास्त्रीय, फिल्मी, दोहोरी जस्ता विविध विधा छन्, त्यस्ते पुर्वेली लोक आधुनिक विधामा रूमलिरहेका गायक हुन एनिस एन्जल राई उनि गित संगीत क्षेत्रमा आफ्नो नयाछुट्टै पहिचान बनाउदै आएका छन् ।

सुबाश राई र आमा रेनुका देवी राईको कोखबाट एक्लो सन्तानको रुपमा खोटाङ जिल्लाको, इन्द्राणिपोखरी भन्ने ठाउँमा उनको जन्म भएको हो । सान्ती माबि, छोरम्बु, खोटाङमा शिक्षा ग्रहण गरेका राइले गित लेखन र सङ्गीतमा रुचि राख्ने एनिसले आफ्नो सांगीतिक यात्रा २०६७ सालमा सुरु गरेका हुन् ।

एनिसको संगीत यात्रा जाने निष्ठुरी गितबाट प्रारम्भ भएको हो, जुन आज पनि युवापुस्तामा लोकप्रिय छ। उनका अन्य गितहरू जस्तै काहा छौं काहा, त्यो एक्लो वर देखेर तिम्रो रुप, तिम्रै याद, कस्ले सक्छ र, जिन्दगी, देखे थिए सपना, श्रोताहरूको मनमा गहिरो असर छोडेका छन् । एनिस एन्जल राईले हालसम्म १५ वटा भन्दा माथि गित लेखेका छन् भने दजनौ गीतहरुमा संगीतमा भरेका छन् । उनी पढाइलेवल ब्याचलर पास गरेर संगीतको अध्ययनमा गहिरो रुचि राख्छन् र भविष्यमा नयाँ प्रयोग गर्ने योजनामा छन् ।

उनको गित संगीतले मात्र नयाँ सोच र विचार प्रस्तुत नगरी, बरु समाजमा रहेका विभिन्न संवेदनशील विषयहरूलाई पनि उजागर गरेको छ । एनिसका गितहरू श्रोताहरूको भावनासँग गहिरो सम्बन्ध जोड्न सफल भएका छन् ।

आगामी दिनमा एनिस एन्जल राईका गितहरू अझ व्यापक रूपमा चर्चित हुने र संगीत क्षेत्रमा नयाँ दिशा दिने आशा गरिएको छ ।

# रमेश पाठकको स्वरमा रहेको गीत 'तिम्रै माया छ' सार्वजनिक



काठमाडौं- रमेश पाठकको स्वरमा रहेको गीत 'तिम्रै माया छ' सार्वजनिक भएको छ ।

रमेशकै शब्द, संगीत र दिनेश न्यौपानेको संगीत संयोजन रहेको गीतको भिडियो शुक्रबार काठमाडौंमा एक विशेष कार्यक्रमबीच डा.कृष्णहरि बरालको प्रमुख आतिथ्यतामा सार्वजनिक गरिएको हो । यस्तै, नृत्य निर्देशक गोविन्द प्रभात, निर्देशक पवन केसी, गायिका मञ्जु लावती अतिथि रहनुभएको थियो ।

प्रमुख अतिथि डा. बरालले शब्द, संगीत र स्वरको राम्रो संयोजन रहेको गीत रहेको बताउनुभयो । यस्तै अन्य अतिथिले गीत जति राम्रो छ भिडियो पनि त्यतिकै सशक्त राम्रो रहेको भन्दै बधाई तथा शुभकामना दिएका थिए । गायक रमेशले सबैको प्रयासबाट एउटा राम्रो गीतको भिडियो श्रोता र दर्शकमाझ ल्याएको बताउनुभयो ।

कृष्ण रसालको निर्देशन रहेको गीतको भिडियोमा शिला गजुरेल र रोशन श्रेष्ठलाई फिचरिङ गरिएको छ । यस्तै, भिडियोमा जितेन्द्र महर्जनको पनि अभिनय रहेको छ ।

वासु बरालको सिनेमेटोग्राफी रहेको गीतको भिडियोमा राकेश दाहालको दृश्य सम्पादन र कलर छ । गीतको भिडियो रमेश पाठक अफिसियल युट्युब च्यानलमार्फत् सार्वजनिक गरिएको हो ।

पाठकको स्वरमा विविधता छ । सोहीअनुरूप नै उहाँले लोक, आधुनिक, पप विधामै गीतहरू ल्याइरहनुभएको छ, जुन श्रोता र दर्शकले मन पराइरहेका छन् । पाठकले समसामयिक, चेतनामूलक, व्यावसायिक एवं विविध किसिमका गीत गाउँदै आइरहनुभएको छ ।

# गायक तिलक बस्नेतको नयाँ गीत "ए मेरो जुनमाया" सार्वजनिक




काठमाडौं- गीत संगीत क्षेत्रमा लामो समयदेखि संघर्षरत गायक तिलक बस्नेतको नयाँ गीत "ए मेरो जुनमाया" आज सार्वजनिक भएको छ । उक्त गीतले छोटो समयमा ६ करोड भन्दा बढी दर्शकको माया पाएको छ ।

सामाजिक अभियानमा समेत सक्रिय गायक बस्नेतले आफ्नो करियरमा सयौं गीतहरु सार्वजनिक गरिसकेका छन् । उनका गीतहरू माया र प्रेमका मात्र नभएर राष्ट्रिय भावनाले भरिएका पनि छन् । यस्तै, गायक बस्नेतका गीतमा नेपालका उच्च तहका राजनीतिक व्यक्तित्वहरूले समेत अभिनय गरेका छन्, जसले उनको गीतलाई थप प्रभावशाली बनाएको छ ।

"तिलक बस्नेत अफिसियल युट्युब" च्यानलमार्फत सार्वजनिक भएको "ए मेरो जुनमाया" गीतले छोटो समयमै दर्शको माया पाउन् सफल भएको छ । यो गीतलाई टीकटक प्रयोगकर्ताहरूले आफ्ना भिडियोहरूमा समावेश गर्न थालेका छन् । यस गीतको रचना र संगीत गायक तिलक बस्नेतको रहेको छ, भने गीतको एरेन्ज, मिक्सिङ र मास्टरिङ नरेन्द्र वियोगीले गरेका छन् । यस गीतको रेकर्डिङ वेभ स्टुडियोमा भएको हो, र रेकर्डिङको जिम्मा बिनोद महतराले सम्हालेका थिए । गीतको भिडियोमा अभिनय गर्ने कलाकारहरूको सूची पनि आकर्षक छ । सनम विश्वकर्मा, लक्ष्मी क्षेत्री, माया विश्वकर्मा, राम बहादुर विश्वकर्मा र मानकुमारी विश्वकर्माले मुख्य भूमिका निभाएका छन्, जबकि बालकलाकार श्रीयांसी लामिछाने पनि भिडियोमा देखिएकिछिन् ।

नृत्य निर्देशन र भिडियो निर्देशनको जिम्मा मुकेश नेपालीले सम्हालेका छन् । सिनेमाटोग्राफर रेशम दर्लामी र सम्पादन तथा कलरिङमा अमृत चापागाईले गरेका छन् । मेकअप डिजाइन बिनिता गरुङले गरेका छन् ।

# 'मिरमिरे'को शीर्ष गीतमा दयाहाङ, प्रकाश र सिर्जनाको नृत्य

काठमाडौं- आगामी माघ १ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'मिरमिरे'को शीर्ष गीत ' मिरमिरे भो' सार्वजनिक गरिएको छ । लोक लयमा आधारित यस गीतमा प्रकाश सपूत र मेलिना राईको स्वर रहेको छ भने शब्द तथा संगीत प्रकाश स्वयंको हो । गीतमा युवायुवतीबीचको प्रेम, आकर्षण र आपसी प्रशंसालाई रमाइलो शैलीमा प्रस्तुत गरिएको छ ।

अभी लामाको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू दयाहाङ राई, प्रकाश सपूत र सिर्जना निङलेखुलाई देख्न सकिन्छ। भिडियोमा प्रकाश र सिर्जनाले आकर्षक नृत्य प्रस्तुत गरेका छन् भने दयाहाङलाई नृत्यमा खासै जोड दिइएको छैन । गीतले फिल्ममा त्रिकोणात्मक प्रेमकथाको संकेत गरेको छ । यम शेर्पाको लेखन तथा निर्देशनमा बनेको फिल्ममा दयाहाङ, प्रकाश र सिर्जनासहित माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल लगायतको पनि अभिनय रहेको छ । यार्सा फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माताको रुपमा छन् ।

बाबु-छोरीबीचको भावनात्मक सम्बन्धको कथामा आधारित यस फिल्ममा आलोक शुक्लाको छायांकन, भुपेन्द्र अधिकारी र निमेष श्रेष्ठको सम्पादन तथा प्रकाश सपूत र मनोज थापा मगरको संगीत रहेको छ । फिल्ममा गोविन्द बोहरा र सुदिप कुँवर सह-निर्माता र वितरक समेत रहेका रोहित कट्टेल कार्यकारी निर्मातामा छन् ।

# मंसिरका फिल्मको व्यापार




काठमाडौं- यस वर्षको मंसिर महिनामा नेपाली फिल्मको व्यापार निकै दयनीय देखिएको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस तथ्यांक अनुसार मंसिरमा प्रदर्शन भएका ५ फिल्मले एक करोडको पनि व्यापार गर्न सकेका छैनन् । मंसिरमा सबैभन्दा कम व्यापार गर्नेमा फिल्म 'चिराग'को रहेको छ । यसले गत शनिबारसम्म ६८ हजार ४५० रुपैयाँ ग्रस कमाएको छ ।

'चिराग'पछि न्यून व्यापार फिल्म ' लोकन्ती'को देखिन्छ । यसले पुष ५ गते शनिबार ११:५५ बजेसम्म घरेलु बक्स अफिसमा ४ लाख १ हजार ३४० रुपैयाँ मात्र कमाएको छ । शोभित बस्नेतको निर्देशनमा बनेको फिल्म 'पीआर'को व्यापार पनि उस्तै उदेकलाग्दो छ । यसले प्रदर्शनको ९ दिनमा जम्मा ६ लाख ६८ हजार ६३३ रुपैयाँ ग्रस व्यापार गरेको छ ।

मंसिरका दुई फिल्म 'हर्ष' र ' अभिमन्यु'ले भने २० लाखको आँकडा पार गरेका छन् । 'हर्ष'ले शनिबारसम्म २८ लाख ७८ हजार ५३६ रुपैयाँ र 'अभिमन्यु'ले २१ लाख ४८ हजार ७०२ रुपैयाँ ग्रस कमाएका छन् । यसरी हेर्दा मंसिरमा कुनै फिल्मले लगानी उठाउन सकेको देखिँदैन । यी ५ फिल्मबाट करिब ५ करोड रुपैयाँ ' बालुवामा पानी' खन्याएजस्तै भएको छ ।

गत कात्तिक १४ गतेबाट प्रदर्शनमा आएको फिल्म 'परान'ले भने ५१ दिनसम्म १७ करोड ६१ लाख ५ हजार २८८ रुपैयाँ ग्रस व्यापार गरेको बोर्डको तथ्यांकमा देखिन्छ । यसको ६ लाख २५ हजार ६२५ वटा टिकट बिक्री भएका छन् । योसँगै 'परान' यस वर्षको सबैभन्दा धेरै कमाउने फिल्मसँगै इतिहासमा सर्वाधिक व्यापार गर्ने चौथो फिल्म बनेको छ ।

# रोकिएन 'धुरन्धर'को आँधी, मुस्किल छैन ८ सय करोड

काठमाडौं- यतिबेला भारतमा मौसम चिसिँदो छ । तर, हलहरूमा भने एक्सन फिल्म 'धुरन्धर'ले गर्मी बढाएको छ । हलमा दर्शकको भीड र बक्स अफिसमा रेकर्ड टुट्ने क्रम लगातार जारी छ। प्रदर्शनको दिनदेखि असाधारण गतिमा कमाइ बढाइरहेको यो फिल्मले तीन सातामा एकसेएक चर्चित बलिउड फिल्मका रेकर्ड तोडिसकेको छ । अब फिल्म इतिहास रच्ने लक्ष्यमा छ ।

प्रदर्शनको दोस्रो साता सर्वाधिक कमाउने हिन्दी फिल्मको कीर्तिमान बनाएको यस फिल्मले तेस्रो साताको शनिबार अर्को रेकर्ड आफ्नो नाममा दर्ज गरेको छ। त्यो हो, तेस्रो शनिबार ३५ करोड बनाउने हिन्दी फिल्मको कीर्तिमान । योसँगै १६ दिनमा फिल्मको कुल व्यापार भारतमा ५३८ करोड ९० लाख नेट पुगेको छ । फिल्मको ओभरसिज कमाइ मात्र १७० करोड भारु छ । यो फिल्मको व्यापारिक रफ्तार हेर्दा ८ सय करोडको आँकडा पनि मुस्किल देखिँदैन । अहिलेसम्म बलिउडका तीन फिल्म 'जवान', 'स्त्री २', र 'छावा'ले मात्र ६ सय करोड पार गरेका छन् । यी तीन फिल्ममध्ये 'जवान'को ६४० करोड र 'पुष्पा २' (हिन्दी)को ८१२ करोडको आँकडालाई 'धुरन्धर'ले उछिनेको खण्डमा यो सर्वाधिक कमाउने हिन्दी फिल्म बन्नेछ । आदित्य धरको निर्देशनमा बनेको यस फिल्ममा रणवीर सिंह, आर माधवन, अक्षय खन्ना, सञ्जय दत्त, अर्जुन रामपाल लगायतको अभिनय रहेको छ । फिल्म रिलिज भएयता सर्वाधिक चर्चामा अक्षय छन् । उनको नृत्यदेखि अभिनयसम्म अत्याधिक रुचाइएको छ । उनकै कारण फिल्मको व्यापारमा समेत उछाल आइरहेको छ । यसमा ग्याङस्टरको लडाइँ र पुलिस अप्रेसनको कथा छ ।

# 'फिल्मले ठूलो पाठ सिकाउँछ' मन्त्री गुप्ता

काठमाडौं- गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'झरीपछिको इन्द्रेणी'ले बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मको कथावस्तु र कलाकारको अभिनयको प्रायःले प्रशंसा गरेका छन् । दर्शकबाट फिल्मलाई उत्कृष्ट 'वर्ड अफ माउथ' मिलेकाले विस्तारै व्यापारिक गति बढ्ने अपेक्षा गरिएको छ ।

प्रदर्शनको पहिलो दिन काठमाडौंको बिग मुभिजमा फिल्मको विशेष शो आयोजना गरिएको थियो, जहाँ युवा तथा खेलकुद मन्त्री बब्बु गुप्ता, काठमाडौं महानगरपालिकाका मेयर तथा र्‍यापर बालेन शाह, महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डे, जेनजी अगुवा सुदन गुरुङ लगायतको उपस्थिति थियो । उनीहरू सबैले फिल्मले उठाएको विषयवस्तुको मुक्तकण्ठले प्रशंसा गरे ।

मन्त्री गुप्ताले हरेक मानिस इमानदार हुनुपर्छ भन्ने सन्देश फिल्मले दिने बताए । 'यो अनिवार्य रुपमा युवाले परिवारसहित हेर्नुपर्ने फिल्म हो,' उनले भने, 'इमानदारिता र नैतिकता नहुँदा मानिसको जीवन कस्तो हुन्छ भन्ने कुरा फिल्मले एकदमै राम्रोसँग देखाएको छ। हामी असल नागरिक बन्ने कि नबन्ने र आफ्नो जीवनमा इमानदारिता राख्ने कि नराख्ने भन्ने ठूलो पाठ फिल्मले सिकाउँछ ।'

युवाहरू विदेश पलायन र आम नेपालीको संघर्षपूर्ण जीवनलाई पनि फिल्मले मर्मस्पर्शी रुपमा देखाएको बताउँदै मन्त्री गुप्ताले कलाकार हरूमध्ये गणेश उप्रेतीले निभाएको इमानदार वडा सचिवको भूमिकाको प्रशंसा गरे । 'फिल्ममा मलाई सबैभन्दा मन परेको भूमिका चाहिँ वडा सचिवको हो । हामी त्यस्तै खालको इमानदार व्यक्ति हुनुपर्छ,' उनले भने ।

चर्चित हास्य कलाकार अर्जुन घिमिरे (पाँडे)को निर्देशनमा बनेको यस फिल्ममा गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, प्रियना आचार्य (मुन्नी), विमोचन दवाडी, जेसिका पोखरेल लगायतको अभिनय रहेको छ । फिल्मले सरकारी कार्यालयमा हुने भ्रष्टाचारलाई मुख्य कथावस्तु बनाउँदै एक इमानदार कर्मचारी र बाबुको संघर्षलाई पर्दामा उतारेको छ ।

# दयाहाङ र सौगातले खेल्ने 'मितज्यू'को वर्कसप सुरु, छायांकन माघमा


काठमाडौं- पछिल्लो समय नेपाली फिल्म क्षेत्रमा छायांकन सुरु हुनुअघि कलाकारदेखि छायाँकारसम्मको उपस्थितिमा वर्कसप गर्ने चलन फस्टाउँदै गएको छ । फिल्म निर्माण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन आयोजना गरिने यस्ता वर्कसपले कलाकारलाई आफ्नो क्यारेक्टर गहिरो रूपमा बुझ्न र स्क्रिप्टको सूक्ष्म अध्ययन गर्न महत्वपूर्ण भूमिका खेल्ने गरेको छ ।

वर्कसपको यही महत्त्वलाई बुझेर हुनसक्छ, निर्माणको तयारीमा रहेको फिल्म 'मितज्यू'को टिमले पनि यो अभ्यासलाई आत्मसात गरेको छ । सोहीअनुसार शनिबारबाट काठमाडौंमा फिल्मका निर्देशकदेखि कलाकारहरूको उपस्थितिमा वर्कसप सुरु गरिएको छ । वर्कसपमा कलाकारहरू तेरिया मगर, पुस्कर गुरुङ, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने लगायत सहभागी छन् ।

# स्टकका गाडी पुरानो हुने भएपछि विक्रेताको अफरैअफ

काठमाडौं । स्टकका रहेका पुराना मोडलका गाडी बेच्न विक्रेताले अफरैअफर ल्याएका छन् ।

आयात गरिएका गाडी धेरै समय स्टकमा राख्नु परेपछि विक्रेताले ग्राहकलाई आकर्षित गर्न अफर ल्याएका हुन् । कतिपय कम्पनीले एक्सचेन्ज अफर त कतिपयले नगद छुट र ५ वर्षसम्मको शून्य कस्ट अफर ल्याएका छन् ।



चालु आर्थिक वर्ष हालसम्म ५ हजारभन्दा धेरै इभी प्यासेन्जर कार आयात गरिएको छ । यो संख्या पोहोरको तुलनामा बढी हो । यस्तै बजेट अगाडि ल्याएका ४ हजारभन्दा धेरै गाडी पनि स्टकमै छन् । कतिपय कम्पनीले २०२४ मा उत्पादित मोडलकै गाडी बिक्री गर्न सकेका छैनन् । केही ब्रान्डका गाडीको उत्पादन बन्द भएकाले जसरी पनि बेच्नुपर्ने बाध्यता छ ।

अहिले तातोपानी भन्सार यार्डदेखि चोभारस्थित सुक्खा बन्दरगाहको यार्ड गाडीले भरिभराउ देखिन्छन् । अंग्रेजी वर्ष सकिन एक साता मात्रै बाँकी भएकाले कम्पनीहरूलाई अफर ल्याएर गाडी बेच्नुपर्ने अवस्था छ । किनभने नयाँ वर्ष लागेपछि सन् २०२५ मा बनेका गाडी पुरानो भएको मानिन्छ । ग्राहकले नयाँ वर्षमै उत्पादन भएका गाडी खोज्ने भएकाले विक्रेताहरू स्टक सक्न अफरको प्रतिस्पर्धामा लागेका हुन् ।

अहिले किया, एक्सपेङ, आयोन, प्रोटोन, टाटा, बीवाइडी, हुन्डाई, डिपल, नामी, लिपमोटर, ओमोडा एण्ड जेको जस्ता ब्रान्डले एक्सचेन्ज अफरसहित नगद छुटका योजना ल्याएर ग्राहकलाई आकार्षित गरिरहेका छन् । नाडा र नाइमा अटो शोमा पनि पुराना गाडी बिक्री गर्न धेरै नगद छुट दिइएको थियो । कतिपय ब्रान्डहरूको अफर योजनाले गाडी सोल्डआउट पनि भएको थियो । अहिले इभीमा चिनियाँ ब्रान्डले प्रतिस्पर्धा गरिरहेका छन् ।

केही चिनियाँ ब्रान्डका विक्रेतासँग अझै धेरै पुराना मोडलका गाडी स्टकमा छन् । ती गाडी बेच्नुपर्ने दबाब व्यवसायीलाई छ । लामो समयसम्म स्टकमा राख्दा लागत झन् बढेर जाने भएका कारण पनि व्यवसायीसामु बेच्नुपर्ने दबाब भएको हो ।त्यही कारण व्यवसायीले अफर ल्याएका हुन् ।

व्यवसायीले ५ वर्षसम्मको शून्य कस्ट, एक्सचेन्जमा बोनस, बाइब्याक ग्यारेन्टी जस्ता अफर ल्याइरहेका छन् । साथै मूल्यमा भारी छुट तथा अटो प्लस बीमा, सडक कर, स्पेयर पार्ट्समा छुट, एक्सेसरिज निःशुल्क दिने विक्रेताहरूले बताएका छन् । विभिन्न कम्पनीले स्टक गाडी बिक्री गर्न 'कट थ्रोट' प्रतिस्पर्धा गरिरहेका छन् । यस्ता अफर खासगरी पुराना मोडलका गाडीमा लागू गरिएको छ ।

एमजी मोटर्सको आधिकारिक विक्रेता पारामाउन्ट मोटर्सका महाप्रबन्धक सुनील बहादुर क्षत्री स्टक भएका गाडी बेच्नका लागि अफर ल्याएको बताउँछन् ।

'नयाँ वर्षलाई लक्षित गरेर फेस्टिभ अफर ल्याइएको हो । स्टकमा रहेका गाडी पनि बिक्री गर्नंपर्ने बाध्यता छ । अफरले बिक्री बढाउन सहयोग पुग्छ,' उनले भने, 'ग्राहक पनि अफर कुरेर बस्ने गरेका छन् ।' पुराना मोडलका गाडीको स्टक सकाउनका लागि सस्तो मूल्यमा दिनुपर्ने व्यवसायीहरू बताउँछन् । 'सामान्य समयको भन्दा एक्स्ट्रा डिस्काउन्ट दिनुपर्छ । धेरै गाडी स्टक हुनुमा अर्डर प्लानिङ र आयातले पनि फरक परेको छ,' क्षत्रीले भने, 'जेनजी आन्दोलनले दसैंमा गाडी बिक्री हुन सकेन । नाकाका कारण हामीले पनि समयमै ल्याउन सकेनौं । त्यसैले गर्दा स्टक हुन पुग्यो ।'

ओमोडा एण्ड जेको गाडीको आधिकारिक विक्रेता एसपीजी अटोमोबाइल्सका उपाध्यक्ष रुपेश शर्मा भट्टले पुराना मोडलका गाडी धेरैनरहेको बताए । 'हाम्रोमा त्यस्तो स्टक त छैन । तैपनि बाढी पहिरोले चिनियाँ नाका बन्द हुँदा डेलिभरी दिन समस्या भएको हो । जेनजी आन्दोलनले पनि बिक्री प्रभावित भएको थियो,' उनले भने, 'त्यसैले स्टकमा रहेका गाडी बिक्री गर्न नयाँ वर्षलाई लक्षित गरेरअफर ल्याउन स्वाभाविक हो ।'

चांगन डिपल गाडीको आधिकारिक विक्रेता मोरङ अटो वर्क्स(एमएडब्लू) वृद्धि अटोकर्पका प्रमुख कार्यकारी अधिकृत(सीइओ) ज्ञानेन्द्र बहादुर चन्दले गाडीको व्यापार बढाउन अफर ल्याएको बताए । 'मार्केटमा मुभमेन्ट ल्याउन अफरको ठूलो भूमिका हुन्छ । हामीले अहिले धेरै राम्रा अफर ल्याएका छौं । जसले गाडी बिक्री गर्न सहयोग गरेको देखिन्छ । मोडल इयर अनुसार बिक्री गर्न केही च्यालेन्ज हुन्छ नै । त्यही कारण इयर इन्ड अफरका रुपमा नयाँ वर्ष योजना ल्याइएको हो,' उनले भने ।

व्यवसायीले पुराना मोडलका गाडीको बिक्री सकेपछि नयाँको मूल्य बढाउने तयारीमा छन् । एक व्यवसायीले डलरको भाउका कारण चीनमै महँगो पर्ने भएकाले भाउ बढाउनुपर्ने अवस्था रहेको बताए । उनका अनुसार नयाँ गाडीको मूल्य एक लाख रुपैयाँसम्म बढ्न सक्छ ।

'पुरानो स्टक सकेपछि र नयाँ आउने गाडीको मूल्य बढाउने योजना छ,' ती व्यवसायीले भने ।

# नाडाको साधारण सभा पुस ९ मा हुनेमा आशंका



काठमाडौँ- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको ४९औं वार्षिक साधारण सभा पूर्वनिर्धारित मितिमा हुने/नहुने अन्योल देखिएको छ ।

अटो व्यवसायीहरुको संगठन नाडाका अध्यक्ष करण चौधरी पक्षको निर्णय चित्त नबुझेर आकाश गोल्छा पक्ष उच्च अदालत पाटन र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई गुहारेपछि साधारण सभा घोषित मितिमा हुनेमा आशंका उब्जिएको हो । निर्वाचनविनाको साधारणसभा हुन नदिन अन्तरिम आदेश माग गर्दै गोल्छा पक्षले दायर गरेको रिटमा उच्च अदालतले छलफलका लागि दुवै पक्षलाई बोलाएको छ । उच्च अदालतले नाडासँग अन्तरिम आदेश किन जारी नगर्ने भनेर लिखित जवाफ समेत मागेको छ ।

नाडाको मंसिर १५ गते बसेको कार्यसमिति बैठकले पुस ९ गते साधारण सभा गर्ने निर्णय गरेको थियो ।

नाडाका केही साधारण सदस्यले साधारण सभा रोक्न माग गर्दै जिल्ला प्रशासन कार्यालयमा सोमबार निवेदन दर्ता गराएका छन् । निर्वाचन कार्यक्रमविना अवैधानिक रुपमा साधारण सभा गर्न लागिएको भन्दै त्यसलाई रोक्न माग गरेर निवेदन परेको हो ।

नाडाको विधान अनुसार हरेक दुई वर्षमा कार्यसमिति चयनका लागि निर्वाचन गर्ने उल्लेख छ । नाडाले यसअघि २०८० पुस २० गते साधारण सभाबाट नयाँ नेतृत्व छानेको थियो । त्यो कार्यसमितिको म्याद पुस १९ गते सकिंदैछ ।

तर पुस ९ गते साधारण सभाको मिति तोकिए पनि निर्वाचन कार्यक्रम अगाडि बढाइएको छैन । नाडाको विधानमा साधारण सभाको १५ दिन अगाडि निर्वाचन तालिका प्रकाशन गर्ने व्यवस्था छ ।

यसअघि पनि नाडाको विशेष साधारण सभा जिल्ला प्रशासन कार्यालय काठमाडौंले रोकेको थियो ।

नाडाका अध्यक्ष चौधरीले भने नाडालाई महासंघमा लैजाने निर्णय कार्यसमितिबाट यसअघि नै गराइसकेका छन् ।

# सांग्रिला मोटर्सको आयोजनामा 'लिपमोटर कस्टमर र्‍याली' सम्पन्न



काठमाडौं- सांग्रिला मोटर्स प्रा. लि. ले २०८२ पुस ५ गते शनिबार आफ्नो बहुप्रतिक्षित 'लिपमोटर कस्टमर र्‍याली' भव्यताका साथ सम्पन्न गरेको छ ।

'लेट्स लिप इन्टु एन अनफर्गेटेबल एक्सपेरियन्स' भन्ने मूल नाराका साथ आयोजित यस कार्यक्रमले 'विस्तारित लिपमोटर परिवार' लाई मनोरम ड्राइभ, सामुदायिक भाइचारा र उत्सवकालागि एकै ठाउँमा ल्याएको कम्पनीले जनाएको छ । र्‍यालीको सुरुवात सानेपास्थित हेरिटेज गार्डेनबाट भएको थियो । र्‍यालीको औपचारिक फ्ल्याग-अफ लिपमोटरका ब्रान्ड एम्बेसडर रोहित पौडेल र सांग्रिला मोटर्सका निर्देशक जय गोल्छाले संयुक्त रुपमा गरेका थिए ।

फ्ल्याग-अफ पश्चात् विद्युतीय सवारी साधनहरुको लस्कर राजधानीबाट नगरकोटस्थित क्लब हिमालयको मनोरम उचाइतर्फ प्रस्थान गरेको थियो । यस ड्राइभले सवारीधनीहरुलाई घुमाउरो र उकालो भू-भागमा लिपमोटर ईभीको उत्कृष्ट कार्यक्षमता र ह्यान्डलिङको अनुभव गर्ने अवसर प्रदान गरिएकव थियो । क्लब हिमालयमा क्विज, विभिन्न खेलहर, बफे लन्च, नेटवर्किङ सेसन र गाडीको चेकजाँच जस्ता विविध गतिविधिहरुका साथ कार्यक्रम संचालन गरिएको थियो ।

# मारुती सुजुकीले इभीका पाटपुर्जा र ब्याट्री भारतमै उत्पादन गर्दै




काठमाडौं । मारुती सुजुकीले भारतमा पाटपुर्जा र ब्याट्रीहरु उत्पादन गर्दै विद्युतीय सवार ीसाधनको बारेमा रहेको प्रयोगकर्ताको संशयलाई कम गर्ने भएको छ। बजारमा इभीमा आकर्षण बढे पनि डिजल/पेट्रोल इन्जिन सवारी प्रयोगकर्ताको ठूलो संख्या नयाँ प्रविधिप्रति ढुक्क देखिएको छैन । त्यसलाई सम्बोधनसँगै आफ्ना उत्पादनलाई रुपान्तरण थाल्न भारतीय अटो उत्पादक कम्पनीले नयाँ रणनीति बनाएको हो ।

ब्याट्री र इभी कम्पोनेन्टलाई स्थानीयकरण गर्ने दिशामा मारुती सुजुकीको यो ठूलो कदमले आगामी समयमा भारतको इभी बजारको दृष्टिकोण नै परिवर्तन गर्ने अनुमान भइरहेको छ । भारतमा विद्युतीय कारहरुको उत्साह बढ्दै जाँदा ग्राहकमाझ अझै धेरै प्रश्न र चिन्ताहरु पनि छन् । यसलाई ध्यानमा राख्दै मारुती सुजुकीले नयाँ रणनीति घोषणा गरेको छ ।

कम्पनीले आगामी वर्षहरुमा इभी ब्याट्री र अन्य प्रमुख विद्युतीय कम्पोनेन्टको स्थानीय उत्पादन सुरु गर्ने योजना बनाएको छ, जसले लागत घटाउने मात्र नभई ग्राहकको विश्वास पनि जित्नेछ । पछिल्लो समयमा इभीको लागि बजारमा ग्राहकको विश्वास जित्नु पनि महत्त्वपूर्ण मानिएको छ । उत्पादनको भरपर्दो सेवा र व्यापक चार्जिङ पूर्वाधार बिना केवल इभी बिक्री सुरु गर्नं पर्याप्त छैन भन्ने कम्पनीको विश्वास छ ।

इभी ब्याट्री र कम्पोनेन्टको स्थानीय उत्पादनले भारतमा नयाँ आपूर्ति शृंखला विकास हुनेछ, जसले एमएसएमईहरूलाई जोड्नेछ र हजारौं प्रत्यक्ष-अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । साथै, स्थानीयकरणले आयात निर्भरता घटाएर विदेशी मुद्रा बचतमा पनि योगदान पुऱ्याउनेछ । सरकारको 'मेक इन इन्डिया' र पीएलआई योजनासँग यो कदम मेल खाने भएकाले मारुती सुजुकीले सरकारी प्रोत्साहन पनि पाउने सम्भावना छ । यसले दीर्घकालमा इभीको मूल्य घटाई आम उपभोक्तासम्म पहुँच बढाउने अनुमान बजार विश्लेषकहरुको छ । मारुती सुजुकी आगामी वर्ष २०२६ मा भारतमा आफ्नो पहिलो इलेक्ट्रिक एसयुभी इ-भिटारा लन्च गर्ने तयारीमा छ । यो गाडी कम्पनीको गुजरात हंसलपुरको प्लान्टबाट उत्पादन भइरहेको छ । कम्पनीले ती गाडी युरोपेली बजारमा पठाइरहेको छ । हाल कम्पनीले ब्याट्रीहरु आयात गरिरहेको छ, तर मारुती सुजुकी इन्डियाका वरिष्ठ कार्यकारी अधिकृत पार्थो बनर्जीका अनुसार ब्याट्री र अन्य आवश्यक इभी पाटपुर्जाको स्थानीयकरण चरणबद्ध रुपमा गरिनेछ । उनी भन्छन् - 'हाल ब्याट्रीहरु आयात गरिए पनि आगामी वर्षहरुमा भारतमा उत्पादन गर्ने योजना छ ।'

मारुती सुजुकीले आर्थिक वर्ष २०३० सम्ममा आफ्नो पोर्टफोलियोमा पाँचवटा इभी मोडेलहरु थप्ने लक्ष्य राखेको छ । त्यतिन्जेल भारतीय अटो उद्योग ५५ लाखदेखि ६० लाख युनिटसम्म बढ्नेछ, जसमा इभीहरुले कुलको १३-१५ प्रतिशत हिस्सा ओगट्नेछन् ।

रोचक के छ भने मारुती सुजुकीले पनि इ-भिटारा निर्यात गर्न थालेको छ । हालसम्म लगभग १० हजार युनिट २६ देशहरुमा पठाइएको छ । भारत र नेपाली बजारमा भने कम्पनीले उक्त गाडी सार्वजनिक गरिसकेको छैन ।

# टाटाको 'सियरा' एसयुभीले भारतीय बजारमा तरंग




काठमाडौं । भारतीय बजारमा टाटा मोटर्सले ल्याएको टाटा सियरा एसयुभीले एकैदिन पाएको बुकिङले तरंग उत्पन्न गरेको छ । बजार विद्युतीयतर्फ आकर्षित भइरहेका बेला डिजल/पेट्रोल इन्जिको यो नयाँ एसयुभीले ७० हजार बुकिङ पाएको छ । कम्पनीले गत मंगलबार अर्थात् डिसेम्बर १६ देखि बुकिङ लिन सुरु गरेको थियो । उक्त दिन नयाँ गाडी सियराले ७० हजार युनिट बुकिङ पाएको जनाइएको छ ।

बुकिङको लागि कम्पनीले भारु २५ हजार रुपैयाँ 'टोकन मनी'का रुपमा लिएको छ । उक्त दिन १ लाख ३५ हजार जना ग्राहकले इच्छा देखाएका थिए । त्यसमा ७० हजार जनाले टोकन मनी दिएर बुकिङ गरेका हुन् ।

यो गाडी डिजल र पेट्रोल इन्जिन भेटियन्टमा उपलब्ध हुँदैछ । भारतमा ५० प्रतिशत बुकिङ डिजल भेरियन्टको मोडलका लागि भएको छ । सियराको मूल्य भारु ११.४९ देखि २१.२९ लाख रुपैयाँसम्म तोकिएको छ । यसको डेलिभरी आगामी जनवरी १५ देखि सुरु हुने कम्पनीले जनाएको छ ।

सियरा एसयुभीले भारतीय बजारमा मिड-साइज एसयुभी सेगमेन्टमा कडा प्रतिस्पर्धा गर्ने अपेक्षा टाटाको छ, जहाँ हुन्डाइको क्रेटा र कियाको सेल्टस अग्र स्थानमा छन् ।

समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं ।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं ।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं ।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं ।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं ।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं ।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक: मोहन कार्की (९८५१०८७१५६), सम्पादक: ईन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार